राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– ९, असोज ३ गते शुक्रबार, २०७६ (20 Sep., 2019) www.janajibro.com मूल्य रू. १०/–

## दुवै सदनमा प्रधानमन्त्रीको सम्बोधन : के आउला सन्देश ?

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले बिहीबार प्रतिनिधिसभा तथा राष्ट्रियसभाको बैठकलाई सम्बोधन गर्ने भएका छन् । अचानक संघीय संसदका दुवै सदनलाई प्रधानमन्त्रीले सम्बोधन गर्दै के सन्देश प्रवाहित गर्न चाहेका हुन् ? सर्वत्र जिज्ञासा छाएको छ ।



दिउँसो साढे २ बजे प्रतिनिधिसभाको बैठक बस्दैछ । त्यसपछि राष्ट्रियसभाको बैठक बस्नेछ । यी दुवै बैठकलाई प्रधानमन्त्री ओलीले छुट्टाछुट्टै सम्बोधन गर्ने भएका हुन् । सम्बोधनमार्फत प्रधानमन्त्रीले के सन्देश दिन चाहेका हुन् भन्नेबारे भने सरकार, सचिवलाय र सम्बद्ध निकायले केही खुलाएका छैनन् ।

## चर्चा कमाउन मन्त्रीमाथि खनिए उटपट्याङहरू !

**काठमाडौं ।** पछिल्ला दिनहरूमा केही मानिसहरूले चर्चामा आउन विभिन्न खाले हर्कत दोहोऱ्याउने गरेको देख्न र सुन्न पाइन्छ । केही महिनायता यस्तैखाले विभिन्न उटपट्याङ गर्दै निरन्तर चर्चामा आउने प्रयास गरिरहेका ज्ञानेन्द्र शाही नामका एक युवकले पर्यटनमन्त्री योगेश भट्टराईमाथि आपत्तिजनक दुर्व्यवहार गरेका छन् ।

नेपालगञ्ज विनानस्थलस्थित बुद्ध एयरको जहाज चढ्ने क्रममा ज्ञानेन्द्र शाही र उनको समूहका उद्दण्ड युवकहरूले गत शनिबार साँझ ६ बजे मन्त्री भट्टराई, विमानको चालक दलका सदस्य र बुद्ध एयरका कर्मचारीमाथि दुर्व्यवहार गरेका हुन् ।

मन्त्रीका कारण विमानको उडान पन्ध्र मिनेट ढिलो भएको बहानामा उद्दण्ड युवकहरूले ——क्रमशः अन्तिम पृष्ठमा

# पाँचौं बोगटी स्मृति दिवस

## पुँजीवाद र साम्राज्यवादका कारण काम गर्न निकै गाह्रो : प्रचण्ड

■ **जनजिब्रो संवाददाता**




**काठमाडौं ।** दिवंगत नेता पोष्टबहादुर बोगटीको पाँचौं स्मृतिमा सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यादै भावुक बनेका थिए । दिवंगत नेता बोगटीको व्यक्तित्व, योगदान र भूमिकाको स्मरण गर्दै अध्यक्ष प्रचण्डले लोकतान्त्रिक गणतन्त्रविरुद्ध हुने अराजक र प्रतिक्रियावादी प्रवृत्तिप्रति सजग रहँदै त्यसको प्रतिकार गर्न समेत युवा विद्यार्थीलाई उनले आह्वान गरेका छन् ।

नेता बोगटीको पाँचौं स्मृति दिवसका अवसरमा नेकपाको केन्द्रीय कार्यालय धुम्बाराहीमा सोमबार आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष प्रचण्डले भने- 'समृद्धि र विकासको प्रक्रियाबाट समाजवादको आधार तय गर्ने प्रक्रियामा हामी छौं, एकीकृत पार्टीले पनि त्यही भनेको छ तर यो काम कम चुनौतीपूर्ण छैन- चारैतिरबाट पुँजीवादी र साम्राज्यवादीले घेरेका छन्, व्यक्तिवादी र आत्मकेन्द्रित प्रवृत्ति पनि हामीमा छ तर सात दशक लामो संघर्षबाट प्राप्त भएको लोकतान्त्रिक गणतन्त्रलाई कलिलैमा मार्न सकिन्छ कि भनेर कसैले भ्रम नपाले हुन्छ ।'

अराजकता मच्चाउनेहरूमा छटपटी देखिए पनि परिवर्तनलाई रक्षा गर्दै समाजवादोन्मूख यात्रामा अघि बढ्ने संकल्प गर्नु आवश्यक भएको बताउँदै अराजकतावादीविरुद्ध सजग रही ——क्रमशः अन्तिम पृष्ठमा

## करोडौंको लागतमा बन्दै नयाँ प्रधानमन्त्री निवास

**काठमाडौं ।** मुलुकको कार्यकारी प्रमुख बस्ने प्रधानमन्त्री निवासको समेत नयाँ निर्माण हुने भएको छ । बालुवाटारस्थित प्रधानमन्त्री निवासका केही भवन भत्काएर मौलिक संस्कृति र परम्परा समेत झल्कने गरी आधुनिक प्रविधिसहितको निवास निर्माण हुने भएको हो ।

बालुवाटारस्थित प्रधानमन्त्री निवास भवनको शिलान्यास गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारबाट केही पनि भएन र सरकारले केही पनि गरेन भनेर कराउनेलाई व्यवहारबाट जवाफ दिने बताए ।

दुई तिहाईका सरकारले केही काम गरेन भन्नेहरुलाई काम सम्पन्न भएर देश अगाडि बढेको परिणाम व्यवहारमै देखिने भन्दै उनले आफूहरु बोलिरहनु नपर्ने बताए । बुधबार सांसद भवन शिलान्यास गरेर महत्त्वपूर्ण पाइला अगाडि बढाएको उल्लेख गर्दै उनले प्रधानमन्त्री निवासको भवन आफ्ना लागि बन्न लागेको भनेर नबुझ्न आग्रह गरे ।



उनले आलोचना गर्न बानी परेकाले जस्तो काम गरे पनि आलोचना गर्न नछाड्ने समेत जिकिर गरे । नकारात्मक टिप्पणी गर्नेलाई आफ्नो पाना पल्टाएर हेर्दा पनि अप्ठ्यारो नलाग्ने गरी आलोचना गर्न सुझाव दिए । 'कतिपय सञ्चारमाध्यममा देखें, संसद् भवन किन बनाउन लागेको यत्रो खर्च लगाएर भनेर, संसद् भवन पनि चाहिने, सित्तैमा पनि हुनुपर्ने कसरी होला ?' उनले भने- 'आलोचना गर्ने बानी लागेकाबाट भवन कम खर्चमा बनायो भने सस्तोमा बनाएको भनेर आलोचना हुन्थ्यो, सानो बनायो भने बाख्राको खोर हो ? भनेर ——क्रमशः अन्तिम पृष्ठमा

## डेरावालसँग बढी असुल्दा समाउला नि प्राधिकरणले !

**काठमाडौं ।** नेपाल विद्युत् प्राधिकरणले उपत्यकालगायत सहरी क्षेत्रमा घर बहालमा बस्नेलाई घरबेटीले बिजुली प्रयोग गरे बापत मनलाग्दी विद्युत् महसुल लिएको विषयप्रति आफ्नो ध्यानाकर्षण भएको बताएको छ ।

यसैबीच प्राधिकरणद्वारा गत आइतबार आयोजित पत्रकार सम्मेलनमा प्राधिकरणका



कार्यकारी निर्देशक कुलमान घिसिङले भने- 'प्राधिकरणसँग विद्युत् लिएर मनलाग्दी तवरले व्यापार ——क्रमशः अन्तिम पृष्ठमा

## झ्याउँकिरी रोयो भन्दैमा देशको ओठ सुक्नु हुँदैन

**समय-सन्देश**
**शैलेन्द्र घिमिरे**

त्यसो त वकवासहरू नहुने हो भने सत्यहरू एक्ला हुन्छन् । ब्युँझेकाहरू नहुने हो भने सुतेकाले शाासन गर्दछन् । सबभन्दा कठिन सुतेकाहरूको शासनमा हुन्छ । तिनीहरू कानमा शंख बजाउँदा पनि उठ्दैनन् । नउठेर शासन गर्नेको विधिमा उठ्नु अपराध हो । उठेकालाई सुतेर शासन गर्नेको शरीरमा पालिएका जुम्राले उठेर देश चलाउन खोजनेहरूलाई प्रश्न गर्दा लोकतन्त्र नहल्लिनुपर्ने हो, तर हल्लिन्छ । किनकि हामी जुम्राशासित मानसिकताका जदौ-जदौ भन्न सिपालु खेताला हौं । एसएलसीमा नेपालको मार्कसिटको पत्यार नलागेर भारत छिरेको एक जन्ड केटो के भन्छ, हामी त्यसैका पछाडि दौडिन्छौं ।

लोकतन्त्र र गणतन्त्रको दुई चुच्चे समोसा नखाई ननिदाउने बानी परेको एक भारतीय भुइँफुट्टाको कथाले हामी वशीभूत हुन्छौं र माटोलाई छोडेर खाडी गएकाहरू श्रीमतीलाई तिनका नाउँको जल अर्पिन उर्दी लगाउँछौं । हामीलाई जादु चाहिएको छ । जादु र टुनामुनाका केही औतारी छिनमै हाम्रा दिलमाथि नियन्त्रण गर्छन् र माटोलाई सराप्ने अर्ती दिएर हामीलाई पंखामा झुन्ड्याउँछन् । हामी खुसीले झुन्डिन्छौ र भन्छौं- देशले मलाई बर्बाद पार्यो । आजको दिनमा हामीभन्दा दुःखीहरूको देश इथियोपिया नियममा चल्छ, हामीभन्दा गरिब र अव्यवस्थाको देश । त्यहाँका नागरिक पनि छिमेकी देशमा कुल्ली काम गर्दछन्, तर तिनीहरू छाती तानेर भन्छन्- 'मेरो देश महान् छ ।'

सिरियामा महायुद्ध छ, जनता रुसी र अमेरिकी खेमामा विभाजित छन् । केही देशैबाट लखेटिएका पनि छन् । जो लखेटिए तिनीहरू छिमेकी देशको शरणार्थी क्याम्पमा भोकै छन् । अंगभंग, भोकै र कुपोषित, तर तिनैले राज गरेको देशको राष्ट्रिय धुन बज्दा ती छाती तानेर जुरुक्क उठ्छन् र भन्छन्- 'मेरो देश महान् छ ।' ती रेडक्रसको ज्याकेटमा आउने कार्यकर्ताले तिनका देशका शासकमाथि लगाउने अफवाहपूर्ण वकवासको डटेर प्रतिवाद गर्छन् र भन्छन्, यो मेरो देशको आन्तरिक कुरा हो । हामीमाथि बज्ने विदेशी माइक मुर्दावाद भन्दै उनीहरू भोका क्याम्पको सिरानमा आफ्ने देशको झन्डा गाड्छन् । तिनले सीमाका कथाहरू बराजुका बहादुरीले उठाइएका परिवर्तनका गाथा क्याम्पमा जन्मेका छोराछोरीलाई सुनाउँछन् र तिनका ख्याउटे शरीरमा देश भरिदिन्छन् । त्यसकारण अमेरिका ——क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २५, अङ्क- ९, असोज ३ गते शुक्रबार, २०७६

## सम्पादकीय

# जनताको बासमा भन्दा 'ठूला' का निवासमा प्राथमिकता

०७२ मा आएको विनाशकारी भूकम्पले घरबारविहीन भएका धेरैजसोको बासको प्रबन्ध अझै हुन सकेको छैन। राष्ट्रको नाक र मुखजस्ता ठानिएका धरहरा र सिंहदरबारका संरचनाहरूको पुनर्निर्माणले पनि अपेक्षित गति लिइरहेको देखिँदैन। राष्ट्रिय वैभव र अझ डलर आम्दानीका स्रोत समेत रहेका ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माणले पनि पूर्णता पाउन सकेको छैन।

तर, यी सबैलाई दोस्रो दर्जामा राखेर यतिबेला सरकार राष्ट्रपति भवनको विस्तार, प्रधानमन्त्री निवासको आधुनिकीकरण र विस्तार तथा नयाँ मन्त्री निवासहरू, प्रदेश पदाधिकारी र मन्त्रीहरू आदिको निर्माणलाई प्राथमिकतामा राख्दै अघि बढेको देखिँदैछ। सभ्य र समृद्ध राष्ट्रका लागि राष्ट्रप्रमुख, सरकार प्रमुख र विभिन्न पदाधिकारीहरूका सुविधासम्पन्न र सुरक्षित भवन एवं संरचनाहरू चाहिन्छन्। तिनको निर्माण, पुनर्निर्माण, विकास र विस्तार अपरिहार्य पनि हुन्छन्। तर, हिउँदको तुषारो र हिउँ अनि वर्षाको असिना, झरी र हावाहुरी पालमुनि वा खुला आकाशमुनि बिताउँदै आएका जनताको समस्या समाधान चाहिँ तीभन्दा बढी प्राथमिकताका विषय हुन्।

यसर्थ, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र अरु ओहोदावालहरूका सुविधासम्पन्न, विशाल र आलिसान महल त बनाऊ तर त्योभन्दा अघि जनतालाई ओतको समुचित व्यवस्था गर !

# झ्याउँकिरी...

र रुस- जसले जताबाट चपाए पनि आज मानचित्रमा सिरिया छ र सबभन्दा बढी शरणार्थी क्याम्पमा हुर्किँदै गरेको भावी पुस्ताको दिलमा बलियो सिरिया छ।

देशै छोड्नेहरू भेनेजुएलामा पनि छन्। ती डुंगाबाट भेनेजुएला छोडेर अर्को देश जान्छन्, तर तिनका डुंगामा झुन्ड्याइएका ससाना स्पिकरमा भेनेजुएलाको राष्ट्रगान बज्छ। ती अर्को देशको गिरफ्तारीमा परेर हत्कडी नभिरुन्जेल छाती तन्काउँदै आँखा टिलपिल टिलपिल पारेर भोकै देश गाउँछन्। तिनका डुंगाबाट कैयौं बालबालिका खसेर निलो समुद्रमा बेपत्ता भए, तर डुंगामा बाँधिएको त्यो स्पिकर कहिल्यै खस्दैन, किनकि त्यो स्पिकरमा बज्ने राष्ट्रिय धुन प्रत्येक भेनेजुएलाका नागरिकका लागि आफ्नो सन्तानभन्दा माथि र अमूल्य छ। त्यसकारण अमेरिकाको नाकैमुनि सुन समान तेलको थुप्रो बोकेर अमेरिकाको नाकैमुनि भेनेजुएला भन्ने देश ज्युँदो छ। देश हल्लिनु हुँदैन।

देश हल्लाउन दिनु पनि हुँदैन। हल्लिएको देश सिक्किम हो। ढालिएका कानले बर्बर छिमेकीलाई आमन्त्रण गर्ने कुरा अनिवार्य प्रकृतिको सिद्धान्तबाट हामी विमुख छैनौं। हामी मनकारी अवश्य छौं। हामी संवेदनाको ज्वारमा जरुर हल्लिन्छौं, त्यसकारण पनि जानी-नजानी थापिएका बल्छी र पासोमा हामी आफैं फस्छौं। जब फसिन्छ, जति कोकोहोलो गरे पनि उपाय हुँदैन। त्यसो त हामी कहिल्यै गुलाम भएनौं र मुक्त हुनै परेन। तर, हामी गुलाम नभएको कारण पनि हामीले मुक्त हुने चेष्टा पनि गरेनौं।

हामीलाई प्रत्येक गफमा हाम्रै देशको दाँजोमा अरू अगाडि भएको मन पर्दछ। हामीले सगरमाथाको फुर्ती लगाउन जानेनौं, हाम्रो नेताको प्रशंसा गरेनौं, बुद्धको र जानकीको कथा गाएनौं र हामीले अरूकै कथा गायौं। त्यसकारण हामीलाई अगाडि बढ्ने लालसा कहिल्यै जागेन। अनि अगाडि जान आँट वा रहर कहिल्यै गरेनौं।

सायद हामीले राज्यको परिभाषा बुझेनौं।

कर तिर्दातिर्दा बिरामी आमालाई सिटामोल किन्नका लागि पैसो पठाउन नसकेको डिभीवाला छोराको दशालाई आफ्नो आँगनमा उभ्याएर देश हुनुको अर्थ खोजेनौं। हामीले प्रत्येक बिन्दुमा राज्य छल्ने प्रयत्न गर्यौं। तर, हामीले के बुझेनौं भने हाम्रा प्रतिनिधिको दिमागमा पनि हाम्रै मनोदशा छ। हामीले हाम्रा भ्रष्टाचारी भाइहरूलाई कोटमा उभ्याएर मौलोको अगाडि हाजिर गर्ने हिम्मत गरेनौं। बरु हामी हाम्रै खुन हो भनेर नुनिला आँसुले लतपतियौं। त्यसकारण भ्रष्टाचारको आरोप प्रमाणितहरू जेलबाट छुट्दा वहिष्कृत भएनन्, बरु तिनका सय कदममा निर्बलिया फूलका थुँगामाथि परे। अनि हामीले तिनकै कीर्ति पढ्यौं वा पढायौं।

राज्यलाई ढाँटेको र फाइल साटेको भन्दा हाम्रा छोराछोरीलाई गाउँ आउँदा दिएको एक कुड्को पीपलगेडीले हामीलाई बेस्मारी कुँड्यायो। हामी तिनका भयौं, अर्थात् हामी देशका भएनौं। माने पनि नमाने पनि हाम्रो झन्डा र संविधान हाम्रो पछिल्लो आर्जन हो। यो नमान्ने छुट चाहियो भन्नेहरू पनि हाम्रा बीचमा छन्। तिनीप्रति कुनै गुनासो होइन, तर त्यसो भन्नेहरूले पनि देश नबिर्सियुन्। देश माटो बोक्न भिरबाट लडेको गोरुको छाला होइन। यो सँग भूगोल छ, विधि छ र हामी नागरिक छौं। यो छालमाथिको डुंगाजस्तै छिनछिनमा हल्लियोस् भनेर कामना गर्नेहरूबाट यसलाई बचाऔं।

यसले परिकल्पना गरेका संस्थाहरू हाम्रा गहना हुन्। तिनमा फोहोर लागेको हुन सक्छ, यो मान्न सकिन्छ। तिनलाई पखालौं। तिनलाई सल्काउने मनसायले देशै खरानी बनाउनका लागि गरिने प्रत्येक षड्यन्त्र नेपाल र नेपालीका लागि गरिएको अर्को गम्भीर धोका हुन्। यसो नगरियोस्, जसले गरे पनि ध्यान आकृष्ट गराउने नाममा गरिने कुनै पनि अराजकता २१ औं शताब्दीमा असुहाउँदिला विषय हुन्। त्यसले देश चिन्दैन।

विरोधको गीत मात्रले मुलुकको उत्थान हुँदैन। देश बनाउन काउलो प्रशंसा मात्र होइन, काउछो प्रश्न पनि निल्न सक्नुपर्छ। देश कुनै गैरसरकारी संस्थाको पपुलर हाकिमले बनाउने होइन, उसले त घचघच्याउन र देखाउन मात्र सक्छ। हिँड्ने राजनीतिज्ञ र राजनीति नै हो। नेतृत्व भगवान् हुँदै होइन, तर तिहारको लंगुरबुर्जामा बाजी थापेर पनि नेतृत्व बन्दैन।

हो, हामीले चाहेको नेतृत्व हामीले चाहेजस्तो बन्न सकेन। सही हो। तर, हामी आफैंले पनि यसको निगरानी गरेनौं।

यसो नहुनुमा नेतृत्व जति जवाफदेही छ, हामी नागरिक पनि त्यति नै जिम्मेवार छौं। जसरी पनि आर्जन हाम्रो सिद्धान्त हो। हामी राज्यलाई ठग्दा बहादुर बनेको ठान्छौं। यसले राज्यलाई कमजोर मात्र बनाएको छैन, हाम्रा प्रश्नहरूको वजनलाई पनि हलुका बनाइदिएको छ। प्रश्नको हैसियत कमजोर भएपछि स्वाभाविक हो, तिनको उत्तर पनि ठिनामिना नै हुन्छ।

हौसिएर सामाजिक सञ्जालमा कहिलेकाही आउने बाढीका प्रश्नमा तैरिने जोसुकै होस्, मुलुकको बेइज्जत गरेर सोधिने प्रत्येक प्रश्न निषेधयोग्य प्रश्न नै हुन्।

नेतृत्व कमजोर होस् वा नहोस्, सरकारको कर्मचारी प्रधानमन्त्रीभन्दा जान्ने हुन सक्छ। जान्ने छु भनेर उसले प्रभानमन्त्री चलाउन खोज्नु हुँदैन।

एउटा कर्मचारीले हाजिर छोडेर, डिउटी गुमाएर सरकारका विरुद्ध अनशनको धम्की नेपालमा मात्र सम्भव छ। त्यति जागिरको राजीनामा गर्न नसक्नेले देशका लागि मरिदिन्छु भन्ने ठाडो रत्यौली आधुनिक जमानाको भव्य मजाक हो। म कुन देशको नागरिक हुँ भन्ने भेउ नपाउनेले हाम्रा कोठाका चारपाटे भाँडामा चलाउने समानान्तर अदालत हाम्रो सार्वभौमिकताको फुस्कदै गरेको गाँठो हो। त्यही चलाउ, कसैले चलाउ, नेपाली नागरिकले चलाउ र माटोसँग जोडिएकाले चलाउ।

तर, हामी सक्दैनौं, किनकि हामीलाई हाम्रो पुन्पुरो प्यारो छ। तर, ऊ सक्छ किनकि उसले ओडेको विदेशी झन्डाप्रति उसलाई सम्पूर्ण हिसाबले विश्वास छ। त्यसो त राजा रहेनन् भनेर राजाकै नाम राखेर राजा बन्न सकिन्छ कि भन्ने मनोरोगी पनि बाटाहरूमा भेटिन्छन्। तिनको प्रश्न सही हुन सक्छ, तर दुनियाँले देखेको विधि लज्जाको छ। तिनले सोधे भनेर आकाश खसेको ठान्नु पर्दैन।

प्रत्येक बिहान कागहरू कराउँछन्, रातभर हुटिट्याउले खुट्टा माथि फर्काएर सुतिरहन्छ। सबैलाई थाह छ, तत्काल कुनै प्रलय हुँदैन। बाटोमा झ्याउँकिरी रोयो भनेर देशको ओठ सुक्नु हुँदैन। देश अर्कै चिज हो। यो सामाजिक सञ्जालले बनाउँदैन।

यसमा लाखौं मनहरू हुन्छन्, आक्रोश सही दिलदेखिका सम्बन्धहरू हुन्छन् र सबैभन्दा ठूलो विपद्को बेला अपेक्षाको एक सानो दियो हुन्छ। जसको भरोसाले मृत्यु जितिन्छ, यसलाई कुनै पनि नाममा निभ्न नदिऊँ। जय देश।

*समाचार दैनिक डटकमबाट*

# राष्ट्रिय...

बढी विश्वास गरेका र भारतले नजिकैबाट पत्याएका मान्छे हुन्।

महत्त्वाकांक्षी र अवसरवादी नारायणकाजी नयाँ जोगी हुन् र उनी केटौले स्वभावका व्यक्ति हुन्। उनको राट्रिय धरातल त्यति बलियो छैन। उनको भारतीयहरूसित सुमधुर सम्बन्ध रहेको कुरा छापाहरूमा आइरहेका सन्दर्भहरू हुन्। तुलनामा महरा चीन र भारत दुवैलाई रिझाउन सिपालु व्यक्ति हुन्।

यथार्थतः आफूलाई प्रचण्डको उत्तराधिकारी, भावी प्रधानमन्त्री ठान्ने महरा, प्रचण्डले रोल्पाली कमरेडहरूमाझ एकता हुन नदिन र क्रान्तिकारी धारलाई कमजोर पार्न विभाजनका लागि प्रयोग गरेका चेसका प्यादा हुन्। यसपल्ट भने महराको अंक गणितले नराम्रो गरी धोका दिएको छ। भारत माओवादीभित्र नयाँ नयाँ, विश्वासिला र भरपर्दा रिक्रुटहरूको खोजी र निर्माणमा सक्रिय भएर लागेको छ भन्ने कुरामा चाहिँ विवाद गरिरहनु आवश्यक ठान्दिन।

अब केही समयमै यी सबै पर्दाहरू खुल्दै जानेछन्। भर्खरै एउटा कुरा सुन्नमा आएको छ। भ्रम र अविश्वास उत्पन्न गर्ने कुरा पनि हुनसक्छ। सही के हो थाहा छैन। क्रान्तिकारी धारका एक जना वरिष्ठ कमरेड र भारतीय राजदूत राकेश सूदबीच केही दिनअघि गोप्य भेटघाट भएको गाईंगुईं चलेको छ। त्यसैगरी एमाले नेता ओली र बाबुरामजीका बीच अपारदर्शी भेटघाटका शृंखलाका सन्दर्भहरू पनि बाहिर आइरहेका छन्। 'आउट र इन' को यो चक्करले नजानिँदो भय र आशंका भने जन्माएको छ।

त्यसैले खुलेर भन्नुपर्ने हुन्छ– 'राष्ट्रिय आत्मसमपणर्वादका विरुद्ध उठौ। नयाँ 'जनवादी क्रान्तिका पक्षमा जुटौ।'

# सत्तापक्ष र प्रतिपक्ष लोकतान्त्रिक संघर्षका सहयात्री : शर्मा



**काठमाडौं ।** राष्ट्रियसभाको बैठकमा बोल्दै सरकारले संविधान प्रदत्त अधिकारलाई तोडमोड नगरेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का राष्ट्रियसभामा संसदीय दलका नेता दिनानाथ शर्माले बताएका छन्।

संविधानको मूलमर्म र भावना विपरीत कार्य गर्ने अधिकार कसैलाई नभएको भन्दै उनले सत्तापक्ष र प्रतिपक्ष लोकतान्त्रिक आन्दोलनका सहयात्री भएको टिप्पणी गरे।

सङ्घीय संसद्को चौथो अधिवशेन अन्त्यको अवसरमा बैठकमा धारणा राख्दै नेता शर्माले सांसदको सक्रिय सहभागिता र उपस्थिति, समिति सभापतिको भूमिका र सरकारका मन्त्रीहरूको महत्त्वपूर्ण सहभागिता रहेको उल्लेख गरे।

सोही क्रममा नेपाली काङ्ग्रेसका संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले राष्ट्रियसभा बैठक कतिपय अवस्थामा सरकारको छायाँजस्तो पनि देखिएको टिप्पणी गरे। संसदले निर्माण गर्ने कानून सत्ता पक्ष र प्रतिपक्षका लागि नभई समग्र जनताका लागि भएकाले विवेकलाई धरौटीमा नराखी मनको वास्तविक अभिलाशाअनुसार काम गर्नुपर्ने पाण्डेको भनाइ थियो।

यस्तै बैठकमा राष्ट्रिय जनता पार्टी नेपालका सांसद वृर्षेशचन्द्र लालले केही समययता नेताहरूबाटै राज्य प्रणालीमाथि खतरा देखिएको भन्ने अभिव्यक्ति आएको भन्दै यसमा कुनै खतरा नरहेको स्पष्ट पारे। उनले राज्य प्रणालीमाथि खतरा देखिए वर्तमान राजनीतिक नेतृत्व बढी जिम्मेवार हुनुपर्ने विचार व्यक्त गरे।

सोही बैठकमा संघीय समाजवादी पार्टीका सांसद प्रमिला कुमारीले शून्य र विशेष समयमा उठाइका विषय सरकारबाट उचित सम्बोधन नहुने गरेको आरोप लगाउँदै मुलुकमा विभिन्न भ्रष्टाचार र अनियमितताका घटना बढे पनि सरकार गम्भीर हुन नसकेको टिप्पणी गरिन्।

बैठकमा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रपतिबाट सो सम्बन्धी प्राप्त पत्रको व्यहोरा पढेर सुनाएका थिए भने विधायन व्यवस्थापन समितिका सभापति परशुराम मेघी गुरुङले आर्थिक वर्ष २०७५/७६ को समितिको वार्षिक प्रतिवेदन सभासमक्ष पेश गरेका थिए।

# 'लाखौं जनताको सहमतिको दस्तावेजमा सम्झौता गर्न सकिँदैन'

**काठमाडौं ।** उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले लाखौं जनताको सहमतिमार्फत् निर्माण भएको सहमतिको दस्तावेज संविधानमा पटक-पटक सम्झौता गर्न नसकिने बताएका छन्।

चार वर्षअघि विसं २०७२ असोज तीन गते निर्माण गरेको संविधानमा कुनै कमजोरी नरेको पनि उपप्रधानमन्त्री पोखरेलले बताएका हुन्।

राजधानीमा 'कन्स्टिच्युसन वाच ग्रुपले' आयोजना गरेको 'नेपालमा लागू भएको वर्तमान संविधानलाई हेर्ने दृष्टिकोण' विषयको कार्यक्रममा मन्त्री पोखरेलले नेपाली लाखौं जनताको सहमतिद्वारा निर्माण भएको संविधानमा कुनै पनि कमजोरी नरहेको प्रतिबद्धता दोहोर्‍याए।

'सरकारले यस संविधानको अधिनमा रही भष्टाचार मुक्त समाज निर्माण गर्न चाहेको छ,' उनले भने 'प्रदेश तथा स्थानीय तहमा मानव स्रोत र वित्तीय व्यवस्थापन, कर्मचारी भर्ना अभियान, पुरानै ठेकेदारले काम गर्ने प्रवृति रहँदा हाल समाजमा विवाद उत्पन्न हुन गएको हो।'

आफू सरकारमा आएपछि दीर्घकालीन आयोजना निर्माणमा उल्लेख्य प्रगति, विगतमा भन्दा छिमेकी मुलुकसँग राम्रो संवाद बढेको, वैदेशिक रोजगारीमा संरक्षात्मक सुधारका कार्य अघि बढेको, ज्येष्ठ नागरिक र सामाजिक सुरक्षाको विषयमा उल्लेख्य प्रगति भएको उनको दावी थियो।

यसैबीच संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङले वि.सं २०७२ को संविधान निर्माण गर्न सर्वसाधारण जनतादेखि वनमा बस्ने राउटेसम्मको धारणा लिएको जानकारी गराए। 'यो संविधान २०४७ सालको संविधानभन्दा पनि सुधारिएको, सम्झदारी र सम्झौताको दस्तावेज हो,' नेम्वाङले थपे- 'सो संविधान परिवर्तन गर्न चाहानेले राजनीतिक परिवर्तन गर्न आवश्यक छैन, केवल जनताको मत जिते पुग्छ।'

यस्तै सर्वोच्च अदालतका न्यायधीश ईश्वर खतिवडाले न्यास क्षेत्रको लगानी विगतको वर्षमा भन्दा यसवर्ष झन थोरै भएकोप्रति गुनासो पोखेका थिए। कार्यक्रममा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले वर्तमान सत्ता पक्ष र प्रतिपक्षबीच असम्झदारी बढ्दै जानु चुनौतीपूर्ण भएको बताए।

# राष्ट्रिय आत्मसमर्पणवादका विरूद्ध उठौं

## – विचार-दृष्टिकोण –

**डा. ऋषिराज बराल**

तत्कालीन कृष्णबहादुर महरा गृहमन्त्रीबाट हटेर नारायणकाजी श्रेष्ठ गृहमन्त्रीमा आएपछि विभिन्न पत्रपत्रिकाले विभिन्न टीकाटिप्पणी गरेका सन्दर्भमा 'दि टेलिग्राफ नेपाल' वेबसाइटले यसलाई भारत र चीनसित जोडेर 'महरा (चीन) आउट र नारायणकाजी (भारत) इन' शीर्षकमा टिप्पणी गरेको छ। म यसबारे केही प्रस्ट पार्नु आवश्यक ठान्दछु।

यता शान्तिप्रक्रियामा आएपछि पार्टीले दिएको जिम्मेवारीअनुसार महराजीसित सबैभन्दा बढी काम कमरेड महेश्वर दाहाल र ऋषिराज बरालले गर्‍यौं।

पहिलो अन्तरिम काल अर्थात् गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा उनी सञ्चारमन्त्री हुँदा हामीले जीउज्यान लगाएर उनलाई सहयोग गर्‍यौं। उनी सफल मन्त्रीको रूपमा दरिए पनि। ज्ञानेन्द्र कालमा विश्वसनीयता गुमेका र स्तरीकरणमा ह्रास आएका सरकारी सञ्चार माध्यमको छवि उकास्न र विश्वसनीयता र स्तरीकरणको अभिवृद्धि गराउन महेश्वरजी र हाम्रो पूरै टिम समर्पित भएर लाग्यो र यसमा हामी केही हदसम्म सफल पनि भयौं।

तर पछिल्लो काल अर्थात् प्रचण्डको प्रधानमन्त्रीत्व कालमा महरा असफल मन्त्रीका रूपमा दरिए। हेर्दा भद्र, तर स्वार्थी चरित्रका चिसा मान्छे रहेछन् उनी। धेरैमा उनीप्रति अझै भ्रम रहेको देखिन्छ।

म आफू टेलिभिजनको प्रमुख छँदा पार्टी हेडक्वार्टरदेखि लैनचौरलगायत कताकताबाट कहिले सोझै र कहिले घुमाउरो किसिमले के के विषयमा क-कसका फोन र दबाव आउँथे, यी सबै पछि लेखौंला। कमरेड महेश्वर दाहालसहित एकैचोटि हामी १६ जनाले किन राजिनामा दियौं, यसका पछाडि अन्तर्निहित कथा रोचक र गम्भीर दुवै प्रकृतिको छ। हामीले राजिनामा दिएको विषयलाई लिएर न त महराले एक शब्द सोधे, न त प्रचण्ड र किरणले नै सोधे। खुसी लाग्यो, हामीले पनि बुझ्यौं- हामी अलि देशभक्त रहेछौं, स्वाभिमानी र क्रान्तिकारी रहेछौं।

एउटा कुरा के सत्य हो भने महराले आफूलाई प्रचण्डको उत्तराधिकारीका रूपमा प्रस्तुत गर्न थालिसकेका थिए र उनको बोली, हामीसितको व्यवहारको शैली र प्रस्तुतिमा महरा होइन, प्रचण्डको रूप प्रतिविम्बित हुन थालेको आभास हामीलाई हुन्थ्यो। कहिलेकाहीं रोल्पाका अस्तिसम्मका मास्टर महरा नै त हुन् यिनी, भन्ने पनि लाग्दथ्यो हामीलाई। असाध्यै घमण्ड चुलिएको थियो महरा कमरेडमा। पार्टीमा उनी माथि पुगे होलान् देशकाल सन्दर्भमा। तर यो काठमाडौं र सिंहदरवारलाई उनले भन्दा हामीले बढी बुझेका छौं भन्ने कुरा उनले बिर्सिए। गजब हुँदोरहेछ यो पार्टी भन्ने कुरा पनि। मान्छेको सम्पूर्ण योग्यता, क्षमता र दक्षताको समग्र मापदण्ड उसको पार्टी हैसियतले निर्धारण गर्दो रहेछ। गजबको विडम्बना। अहिलेका केही मन्त्रीहरूलाई हेर्छु, व्यंग्यले हाँस्न मन लाग्छ।

गजबको छ महरा कमरेडको इतिहास र राजनीतिक परिदृश्य। रोल्पाको माटोसित जोडिनुको अर्थ बोकेका, त्यहाँका पढेलेखेका मास्टर हुनुको नाता पनि जोडिएको, 'यसम्यान हुनसक्ने चरित्र, स्वभाव र खुबी' भएकाले र लाभहानीको हरहिसाबलाई ठीकठीक ढंगले राख्नसक्ने विशेषता बोकेका तीव्र महत्त्वाकाङ्क्षी महरालाई थोरै समयमा नै पर्ख गर्न प्रचण्ड सक्षम भए। रोल्पाले बोकेको राजनीतिक इतिहासको मनोवैज्ञानिक पक्षलाई समेत दीर्घकालीन दृष्टिले आफ्नो प्रभावमा पार्न विप्लव, अनन्त र पासाङका समेत गुरु भनिएका महरालाई आफ्नो नजिक राख्नु पछिका लागि निकै उपयोगी हतियार हुनसक्छ भनेर प्रचण्डले समयमै बुझेका थिए। त्यसैले पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनको निर्णयमा, मुस्किलले एक दशकको इतिहास बोकेका महरालाई प्रचण्डले त्यति लामो इतिहास बोकेका कमरेड गौरव र कमरेड कान्छाबहादुर भन्दा अघि बढाएर उच्च महत्त्व र स्थान दिए।

भूमिगत कालमा अधिकांश समय भारतमा बिताएका महरालाई दिएको जिम्मेवारीअनुसार उनको भारतीय खुपिया एजेन्टहरूसित र नेपाली काँग्रेसमा भारतका सबैभन्दा प्रिय मानिने पात्र सिटौलााहरूसित पनि राम्रो-सौहार्द्र सम्बन्ध बन्नु स्वाभाविक थियो। भारतको दवाबपछि पार्टीले बाबुरामजी माथि गरेको कारबाही फिर्ता लिएको थियो र भारतीयहरूसित कुरा गर्न बाबुरामजी सहितको टोली पठाउँदा महराजी पनि साथै हुनुहुन्थ्यो भन्ने कुरा पनि सबैलाई थाहा छ। महराबाट सिटौला र सिटौलामार्फत यताउता कुरा पुग्ने नै भए। त्यसैगरी सिटौलाबाट महरा र महराबाट प्रचण्डसम्म पनि कुरा पुग्ने भए– भारत र नेपालको मितेरी पुलजस्तै। यता गौरव र किरण कमरेडहरूलगायतका कमरेडहरू लगातार पक्राउ परिरहेका थिए र उता अर्का थरी कमरेडहरू मितेरी पुल बनिरहेका थिए।

माओवादी पार्टीभित्र भारत र नेपाली काँग्रेससित समेत राम्रो सम्बन्ध भएका र प्रचण्डका पनि भारतीय सूत्रका लागि सबैभन्दा विश्वासिला र प्रिय पात्र महराजी नै थिए। अहिले आएर प्रचण्ड महरालाई यति सहजै र सजिलै गृहमन्त्री र उपमन्त्रीबाट हटाउन तयार होलान् र महरा पनि यति सजिलै हट्लान् भनेर मैले सोचेकै थिइन। गुदी कुरा अझै प्रस्ट छैन। मभित्र थुप्रै प्रश्नहरू छन्।

रोल्पाली हुनुको मजा र स्वभावका कारण महरा माथिमाथि चढदै गए। सञ्चारमन्त्री हुँदाको अवसरको प्रयोग र छोराको उन्नति र प्रगतिलाई पनि व्यवस्थित गर्नुपर्ने कारणले चिनियाँहरूसित पनि उनको राम्रो सम्बन्ध बन्दै गयो। मौसम हेरेर कहिले किरण समूहसित र कहिले प्रचण्डसित टाँसिने अवसरवादी प्रवृत्तिका महरामा पछिल्लो समयमा प्रचण्डले महराको महत्त्वाकाङ्क्षालाई चुली बनाइदिए। 'तपाईं भावी प्रधानमन्त्री' प्रचण्डले हावा भर्दै गए र महराले रोल्पाली धरातल र साथीसँगी बिर्सिदै गए। हामीले महराजीका बारेमा सहीसही विश्लेषण गर्दा हामीसित जङ्गिने साथीहरू त्यसमा पनि विप्लवजीका नजिकका भनिएका साथीहरू अहिले आएर दंदास परेका छन्। कमरेड किरणभन्दा महरालाई अझ नजिकको नेता मान्ने विप्लव कमरेडलाई महराजीको स्थितिले सबैभन्दा बढी पीडा भएको हुनुपर्छ।

पद र शक्तिका लागि सदैव छटपटिइ रहने प्रचण्डको यता फेरि सिंगापुर आवत जावत बढ्दै जानथाल्यो। यस्डी मुनिमार्फत फेरि प्रधानमन्त्री बन्न प्रचण्डको हारगुहार र कुदारेकुद चलिरहेको बेला महराजीसित जोडिएर पैसाका बारेमा चिनियाँ'हरूसित गरेको कुराकानीको टेप प्रकरण बाहिर आयो। आफ्नो स्वार्थका लागि जसको पनि र जतिबेर पनि बलिको बोको बनाउन माहिर प्रचण्ड आफैंले यो टेप प्रकरण भारतलाई रिझाउन महरामार्फत गरेको योजनबद्धता थियो भन्ने कुरा पनि चर्चामा आयो। बाहिर दुईचार दिन होहल्ला भए पनि पार्टीमा खासखुस चल्यो, सकियो।

अहिले पनि भन्ने गरिन्छ– चीनलाई बदनाम गरेर भारतसित सम्बन्ध बनाउन र बढाउन टेप प्रकरण एउटा प्रायोजित परिपञ्च थियो। यता झलनाथ खनालको नेतृत्वमा सरकार बनेपछि गृहमन्त्रीको पद कसका भागमा पर्ने भन्नेदेखि लिएर को गृहमन्त्री हुने कुरा बहस र विवादका विषय बने। साधन, स्रोत, सुविधा, जनसम्पर्क, राष्ट्रिय सुरक्षा र ग्लामरका दृष्टिले निकै महत्त्वपूर्ण ठाउँ हो यो। गृहमन्त्रीको विवाद मूलतः देव गुरुङ्जीलाई नल्याउनेमा केन्द्रित रहेछ भन्ने कुरा महराजी गृहमन्त्री भएपछि यो प्रसङ्ग विस्तारै सेलाउनु र हराउनुबाट थाहा पाउन सकिन्छ। को र कस्तो व्यक्ति गृहमन्त्री बन्ने कुरा विचार र राष्ट्रियतासित सम्बद्ध प्रश्न पनि हो र यसका लागि देव गुरुङजीलाई रोक्नु आवश्यक थियो।

प्रश्न गृहमन्त्रीको मात्र होइन, महराजीले सञ्चारमन्त्री भएको थोरै दिनमा नै एउटा कोर्स पूरा गरिसकेका थिए। सर्वप्रथम उनको होम वर्क भारतीयहरूलाई खुसी पार्ने कामबाट आरम्भ भयो।

यो उखानको सान्दर्भिकताका बारेमा टिप्पणी गर्न सकिन्छ। तर अहिलेका मन्त्रीहरूमा कृष्णबहादुर महरा र 'क्रान्तिकारी' खड्गबहादुर विश्वकर्मा 'गाई मारी गधा पोस्नेहरू' हुन्। सञ्चारमा महराले जे गरे यसबाट उनी चीनपरस्त त के नेपालपरस्त पनि रहेनछन् भन्नुपर्ने स्थिति भएको छ। म टेलिभिजनमा छँदा आफ्नै साथीहरूले खुलेर र लैनचौरले घुमाउरो स्रोतमार्फत दवाब दिँदा पनि नेपाल टेलिभिजनको नियमावलीलाई संशोधित गरी वैज्ञानिक बनाएर एउटै व्यक्ति राजनीतिक आड र अनेक अवैद्य कार्यमार्फत घरीघरी प्रमुख हुने परिपाटी अन्त्य गर्ने सन्दर्भमा शुक्लालगायत दुई जना पूर्व प्रमुखहरूलाई सदाका लागि घर पठाएको थिए'। पछि माधव नेपाल प्रधानमन्त्री भएपछि दक्षिणको कोटामा शुक्ला रेडियो नेपालमा प्रमुख भएर पसे, उनले टेलिभिजनकै लागि प्रयास गरेका थिए भन्ने कुरा पनि चर्चामा आएको थियो।

महराजी मन्त्री भएपछि थुप्रै कुरामा प्रश्न उठाएर रेडियो नेपालमा कर्मचारी र पत्रकारहरू र आफ्ना कमरेडहरू समेतले शुक्लालाई हटाउन अनुरोध गर्दा हटाउनुको सट्टा महराले उल्टै शुक्लालाई पुरस्कृत गरे। महराले आफूलाई साथीहरूको धरातल भन्दा माथि ठाने।

'गोरखापत्र'मा त महराजीले झन् ठूलो अपराध गरेका छन्। हरिगोविन्दजस्तो माओवादी विरोधी र काँग्रेसपरस्तलाई कार्यकारी अध्यक्ष बनाएर पठाए। त्यतिले नपुगेर महराजीले लैनचौरको तलबी भनेर गोरखापत्र संस्थानमै टिप्पणीको विषय बनेकालाई गोरखापत्रको जिम्मेवारी दिन निर्देशित गरे। राइजिङ नेपालमा पनि गच्छेदार फोरमकै ढलीमली बनेको स्थिति छ। विजय चालिसेले समेत गर्न नमानेको काम हरिगोविन्दले गर्न थालेका छन्।

कार्यालयभन्दा एनजिओ र आइएनजिओको काममा बढी चाहर्ने भनेर गोरखापत्र संस्थानमा 'चर्चित' एकजना पात्रका लागि मात्र हुनेगरी भर्खरै राइजिङ नेपालमा खोलिएको विज्ञापनलाई लिएर यतिखेर राइजिङ नेपालका कर्मचारीबीच बवण्डर मच्चिएको छ। त्यो विज्ञापन रद्द गरिनुपर्छ भनेर आवाज उठेको छ। यी सबै सन्दर्भहरू 'इन' र 'आउट' सित जोडिएका घतलाग्दा सामग्री बनेका छन्। दि नेक्स्ट फ्रन्ट वेबसाइटले त्यतिबेरै 'महरा कमरेडको कृपादृष्टि र गोरखापत्र संस्थान' मार्फत यसबारे प्रस्ट पारेको हो । महरापछि मन्त्री बनेका अग्नि कमरेडको छोटो अवधि दारा किट्तैमा बित्यो।

छक्कापञ्जा नजान्ने भनिने बोगटी कमरेड कुन धूर्तको घुमाइमा पर्ने हुन् थाहा छैन। अहिले सरकारी सञ्चारमाध्यमहरू आर्थिक अपारदर्शीता, अराजकता र प्रशासनिक अस्तव्यस्तताको सिकार बनेका देखिन्छन् र ती र मेलोमेसोबिना चलेका अनुभूत हुन्छन्। ती मियोबिनाको दाइ गरेको अवस्थामा छन्। एकथरी माओवादीले राम्रो पारेका सञ्चारमाध्यमहरू अर्काथरी 'माओवादी' ले ध्वस्त पारेका छन्। सरकारी सञ्चारमाध्यम र माओवादीका सन्दर्भमा लेखिने इतिहास अब यस्तै हुनेछ।

यी सबै कुराहरूलाई हेर्दा 'दि टेलिग्राफ नेपाल' ले भनेजस्तो नभएर सारमा उनी माओवादीभित्र काँग्रेसले सबैभन्दा

——क्रमशः दोस्रो पृष्ठमा



# बिरामी सवार बलेरो अरूण नदीमा खस्दा ६ बेपत्ता

**काठमाडौं ।** खाँदबारीबाट बिरामी लिएर हिँडेको बलेरो गाडी संखुवासभास्थित अक्करको भीरबाट अरुण नदीमा खस्दा ६ जना बेपत्ता भएका छन् ।

प्रहरीका अनुसार बिरामी लिएर धरानतर्फ सवार उक्त गाडी मंगलबार राति साढे १० बजे भीरबाट अरूण नदीमा खसेको खसेको हो ।

को १ ज ३७४९ नम्बरको सो गाडी दुर्घटना हुँदा त्यसमा सवार सबै ६ जना बेपत्ता भएका हुन् । धर्मदेवी नगरपालिकामा पर्ने अक्करको भीरबाट मंगलबार राति साढे १० बजे बलेरो दुर्घटना भएको अर्को गाडीका प्रत्यक्षदर्शी चालक प्रेम तामाङले जानकारी दिए । तामाङका अनुसार गाडी चालक सन्तोष विश्वकर्मासहित ६ जना बेपत्ता भएका छन् ।

दुर्घटनामा परी खाँदबारी- ९ का प्रमेश थापामगर र उनकी भाउजू कल्पना थापामगर, दुई महिनाको बिरामी बच्चा समीर श्रेष्ठ, उनका बुबा-आमा संगम श्रेष्ठ र सदीक्षा श्रेष्ठ बेपत्ता भएका छन् । बिरामी बच्चाको खाँदबारीमा उपचार हुन नसकेछि थप उपचारका लागि बीपी मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लैजाने क्रममा गाडी दुर्घटना भएको हो ।

रातको समयमा दुर्घटना भएकाले बेपत्ताको खोजी हुन सकेको छैन । अरुण खोलामा बाढी आएका कारण उनीहरूको खोजी थप समस्या भएको प्रहरीले जनाएको छ ।

संखुवासभा प्रहरीका अनुसार दुर्घटनाग्रस्त गाडी खाँदबारी- १ का राजनारायण लिम्बूको रहेको खुलेको र घटनाबारे विस्तृत जानकारी प्राप्त भइ सकेको छैन ।

# पृथ्वीजस्तै तापक्रम र पानी भएको आठ गुणा ठूलो ग्रह फेला

**एजेन्सी ।** पहिलो पटक अहिलेको सौर्यमण्डल भन्दा बाहिरको र जिउनका लागि पृथ्वीजस्तो तापक्रम एवं पानी भएको अर्को ग्रह फेला परेको बताएका छन् । पृथ्वीभन्दा आठ गुणा ठूलो क्षेत्रफल रहेको सो ग्रहको नाम 'के २- १८ बी' दिइएको अथार्त 'सुपर अर्थ' को नाम दिइएको उनीहरूले जनाइएका छन् ।

खगोलविदहरूको अध्ययन अनुसार उक्त ग्रह पृथ्वीबाट एकसय दश प्रकाश वर्ष टाढा रहेको छ। यो ग्रह सन् २०१५ मा नासाको केप्लर स्पेसक्राफ्टले पत्ता लगाएको भए पनि पानी र तापक्रमको अवस्थाका बारेमा भने हाल मात्रै पत्ता लागेको हो ।

सो ग्रहमा पानी र तापक्रम पनि उपयुक्त भएकोले जीवन सम्भव हुनेतर्फ खगोलविद्हरूले सम्भावना देखाएका छन् । 'पानी पाइनुले पृथ्वी बाहेकको अर्को ग्रह पनि बस्न योग्य भएको पाइएको छ । यो उत्साहजनक कुरा हो'- युनिभर्सिटी कलेज लण्डनको सेन्टर फर स्पेस एक्सोकेमिस्ट्री डेटाका रिसर्च एसोसिएट तथा अहिलेको अध्ययन प्रतिवेदनका लेखक एन्जेलोज टिसियारसले भने ।

सोही कलेजका लेक्चरर तथा प्रतिवेदनका सहलेखक इन्गो वाल्डम्यानले आगामी दशकमा यस प्रकारका केही ग्रह पाइन सक्ने जनाउँदै तर बस्न योग्य पहिलो ग्रह अहिले फेला परेको जनाएका छन् ।

# खुला सीमानाका कारण मुलुकमा सुरक्षा खतरा यथावत्

**काठमाडौं ।** भारतसँगको खुला सिमानाका कारण मुलुकमा दुई तिहाइको सरकार कम्युनिस्ट सरकार भए पनि देश सुरक्षित हुन नसकेको नेपाल मजदूर किसान पार्टीले टिप्पणी गरेको छ ।

छिमेकीले एकतर्फी रूपमा बाँध र तटबन्ध बनाउँदा वर्सेनी तराई भूमि डुबानमा परिरहेको भन्दै नेमकिपाले समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण समेत गराएको छ ।

मुलुकमा १३ खर्बभन्दा बढीको व्यापार घाटा रहेको, भ्रष्टाचार नियन्त्रण हुन नसकेको, महंगी बढ्दै गएको, ७० लाख नेपाली वैदेशिक रोजगारीमा जान बाध्य भएको भन्दै नेमकिपाले समस्याको समाधानका लागि सदैव आवाज उठाइरहेको उल्लेख गरेको छ ।

यही शुक्रबारदेखि तीन दिनसम्म तीन ठाउँबाट बाजागाजा एवं ऱ्यालीका साथ सातौं महाधिवेशन गर्न लागेको नेपाल मजदूर किसान पार्टी (नेमकिपा)ले विज्ञप्तीमार्फत सोबारे जानकारी दिएको हो ।

नेमकिपाका सचिव प्रेम सुवालद्वारा जारी विज्ञप्तिमार्फत शुक्रबार बिहान ११ बजेदेखि उक्त पार्टीको महाधिवेशन तीन दिनसम्म चल्ने जानकारी दिइएको हो । सुवालका अनुसार भक्तपुरको च्याहमासिंह, बोडे र काठमाडौंको कोटेश्वर गरी तीन ठाउँबाट एकैसाथ बाजागाजाका साथ ऱ्याली शुरु गरी भक्तपुर सल्लाघारी चौरमा नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले महाधिवेशनको उद्घाटन गर्ने कार्यक्रम तय भएको छ ।

आफ्नो पार्टीले देशको सार्वभौमिकता रक्षा र प्रजातन्त्रको लागि स्थापनाकालदेखि नै साम्राज्यवाद र विस्तारवादविरुद्ध सङ्घर्ष गर्दै आएको भन्दै सचिव सुवालले नेपालको किसान आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलनमा पार्टीले महत्वपूर्ण भूमिका खेलेको बताए ।

यसअघि नेमकिपाको २०७० साल चैत २१ गते काठमाडौंको खुल्ला मञ्चमा छैटौं महाधिवेशन गरिएको थियो । पार्टी स्थापनाकालदेखि हालसम्म नारायणमान बिजुक्छे पार्टीमा अध्यक्ष चयन हुँदै आउनुभएको छ । हाल २५ सदस्यीय केन्द्रीयसमिति रहेको नेमकिपामा सातौं महाधिवेशनले विधान संशोधनसहित विभिन्न दस्तावेज पारित गर्दै नयाँ कार्यसमिति निर्वाचित गर्ने बताइएको छ ।

# गृहमन्त्री थापाद्वारा प्रतिनिधिसभा बैठकमा तीन प्रस्ताव प्रस्तुत

**काठमाडौं ।** प्रतिनिधिसभाको बैठकले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, राहदानी विधेयक र भूमिसम्बन्धी (आठौं संशोधन) विधेयक २०७५ का सम्बन्धमा राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई स्वीकृत गरेको छ ।

बैठकमा गृहमन्त्री रामबहादुर थापाले प्रस्तुत गरेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका हुन् ।

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले प्रस्तुत गरेको राहदानी विधेयक, २०७५का सम्बन्धमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उनले गम्भीर खालका अपराधमा संलग्न भएको आरोपमा अनुसन्धानको दायरामा रहेका व्यक्ति राहदानी प्रयोग गरेर फरार हुनसक्ने सम्भावनाप्रति सरकार सजग र सचेत रहनुपर्छ भन्ने विधेयकको मनसाय भएको बताए ।

'कूटनीतिक राहदानी अख्तियार प्राप्त व्यक्तिले सरकारी विशेष कामका सन्दर्भमा मात्र प्रयोग गर्छन् । त्यसको ठीक ढंगबाट प्रयोग हुनुपर्छ भन्नेमा सरकार सचेत छ । कूटनीतिक राहदानी बाहकले के गर्न हुन्न, कुन मर्यादाभित्र रहनुपर्छ भन्नेमा राहदानी बाहेकले हेक्का राख्नुपर्छ,' उनले भने ।

यसैगरी भूमि व्यवस्थापन, सहकारी तथा गरीबी निवारणमन्त्री पद्मा अर्यालले भूमिसम्बन्धी (आठौं संशोधन) विधेयक २०७५ लाई विचार गरियोस् भन्ने प्रस्तावमा सांसदहरूको जिज्ञासाको जवाफ दिँदै उनले सरकारले आवश्यक ठानेमा हदबन्दीका सम्बन्धमा तोकिएको शर्तको अधिनमा रहेर उद्योग व्यवसाय सञ्चालन गर्नका लागि लचिलो हुनसक्ने व्यवस्था गरिएको बताए ।

'चक्लाबन्दी गर्ने विषय भू उपयोगसँग जोडिएको छ, यस क्षेत्रका ज्वलन्त समस्यालाई तत्काल सम्बोधन गर्न सो विधेयक ल्याइएको हो, एकीकृत कानून बनाउन तयारी भइरहेकै छन् । सुकुम्बासी सम्स्या र अव्यवस्थित बसोबास सम्बन्धी विषय सदाका लागि अन्त्य गर्न सरकारले गृहकार्य गरिरहेको छ,' मन्त्री ज्ञवालीले बताए ।

सांसदहरूले उक्त विधेयकले भूमि र मोहीको समस्या समाधान गर्नाको साटो पूँजीपतिको मात्र संरक्षण गर्ने देखिएकाले यसमा व्यापक परिमार्जनको खाँचो औंल्याएका थिए ।

# यात्रु नआउँदा सुकेटार विमानस्थल सुनसान

**काठमाडौं ।** यात्रु अभावका कारण ताप्लेजुङको सुकेटारस्थित विमानस्थल असारदेखि नै सुनसान छ । वर्षा र मौसम खराबीका कारण पटक पटक उडान अवरुद्ध हुँदा विमानस्थलमा अहिले यात्रुको विश्वास घटेको हो ।




मौसम खुलेसँगै उडान गर्न सकिने भए पनि पछिल्लो पटक यात्रु नभएकाले उडान नभएको नेपाल वायुसेवा निगमका स्टेशन प्रमुख राजु कार्कीले बताए ।

कार्कीले भने 'असार, साउनमा मौसम खराबीले नियमित उडान भएन, अहिले उडानका लागि मौसम अनुकूल भए पनि एक/दुईजना यात्रु फाट्टफुट्ट आउने गर्नुभएको छ, कम्तीमा ६/७ जनासम्म नहुँदा घाटा बेहोर्नु पर्छ ।'

सुकेटार विमानस्थलमा कार्यतालिका भए पनि यात्रु अभावका कारण उडान भर्न नसकिएको बताइन्छ । चार-पाँचजनासम्म यात्रु पाए घाटा बेहोरेर भए पनि उडान शुरु गर्ने मनस्थितिमा निगम रहेको उनले बताए ।

पटक-पटक टिकट काटेर विमानस्थलबाटै फर्कनुपर्ने बाध्यता रहँदै आएको भन्दै स्थानीयवासीले गाडी नै चढ्ने गरेका छन् ।

# जाजरकोटमा भाइरल संक्रमण, तीन दिनदेखि विद्यालय बन्द

**काठमाडौं ।** जाजरकोट जिल्लास्थित नलगाड नगरपालिका- ८ को हिमालय प्राथमिक विद्यालय भाइरलका कारण बन्द भएको छ ।

तीन दिनदेखि सबै विद्यार्थी र स्थानीयवासी बिरामी भएपछि विद्यालय बन्द भएको हो । नलगाड नगरपालिकाको स्वास्थ्य संस्थादेखि पाँच घण्टाको पैदल दूरीमा रहेको सो ठाउँ हिमालमा पर्दछ ।

स्वास्थ्य संस्था नजिक नभएका कारण समस्या भएको प्रधानाध्यापक कमल बोहाराका अनुसार तीन दिनदेखि विद्यालय बन्द भएको छ ।

यता नलगाड नगरपालिकाका नगरप्रमुख टेकबहादुर रावलले तुरुन्तै स्वास्थ्यकर्मी परिचालन गरिने बताए । गाउँमा सबै बिरामी भएका कारण उपचारमा लैजानु पर्ने विद्यार्थी लैजान नसकिएको स्थानीयवासी कर्णबहादुर पुनले बताए ।

## – संक्षिप्त समाचार –

# 'नेकपाले मात्रै परिवर्तनलाई संस्थागत गर्न सक्छ' : श्रेष्ठ

**काठमाडौं ।** पछिल्लो परिवर्तनको रक्षा आफ्नो पार्टी बाहेक अरू गर्न नसक्ने नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का प्रवक्ता नारायणकाजी श्रेष्ठले ठोकुवा गरेका छन् ।

कम्युनिस्ट आन्दोलनकै बलमा देशमा संघीयता र गणतन्त्र आएको नेकपा चितवनद्वारा नेकपा प्रदेश नं ३ का अध्यक्ष नारायण दाहालका पिता स्व कुलप्रसाद दाहालको नवौं दिनमा उनकै निवास भीमसेननगरमा आयोजित शोकसभालाई सम्बोधन गर्दै प्रवक्ता श्रेष्ठले बताए ।

परिवर्तनलाई उल्टाउन केही शक्ति लागिपरिरहेको भन्दै प्रवक्ता श्रेष्ठले त्यस्ता सोच पूरा हुन नसक्ने चेतावनी दिए । 'पहिला शक्तिमा रहेर शासन गरेकाहरू शक्तिबाट च्यूत भएपछि फेरि शक्तिमा बस्न पाए हुन्थ्यो भन्दै चलखेल शुरु गरेका छन् तर कसैले चाहेर परिवर्तन उल्टिँदैन' पार्टीभित्रको आन्तरिक विषयलाई आत्मसमीक्षा गर्दै संघीयता कार्यान्वयनलाई केन्द्रविदुमा राखेर काम गर्न आवश्यक रहेको उनको भनाइ थियो ।

यस्तै नेकपाका पोलिटब्यूरो सदस्य अग्नि सापकोटाले कम्युनिस्टका मूल्यमान्यता डगमगाउने समयमा दाहालको निधनले फेरि एक ठाउँमा उभिएर सोच्न बाध्य बनाएको बताए । उनले 'स्व दाहाल अध्यक्ष प्रचण्डका मात्रै गुरु नभएर सबैका गुरु हुनुहुन्थ्यो । उहाँको सम्मानका लागि देशलाई समृद्ध बनाउन आवश्यक छ ।'

यसैबीच नेकपा प्रदेश सचिव आनन्द पोखेलले मुलुकलाई समृद्ध बनाउन सकेमा मात्रै स्व दाहालको सपना पूरा हुने बताए ।

नेकपा चितवनका अध्यक्ष यमबहादुर परियारको अध्यक्षतामा सम्पन्न शोकसभामा केन्द्र, प्रदेश तथा जिल्ला तहका नेता कार्यकर्ताको सहभागिता रहेको थियो ।

# घुस रकमसहित प्रहरी नायव निरीक्षक पन्त क्याप्प

**काठमाडौं ।** सेवाग्राहीसँग लिएको घुस रकमसहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगका कर्मचारीले महानगरीय प्रहरी प्रभाग थलीको कार्यकक्षबाटै प्रहरी नायव निरीक्षक विपिनचन्द्र पन्तलाई पक्राउ गरेको छ ।

सवारी दुर्घटनाको सहमति गराए बापत पन्तले सेवाग्राहीसँग घुस मागेको भन्ने सूचनाका आधारमा आयोगबाट आएका टोलीले पन्तलाई बुधबार नियन्त्रणमा लिएको हो ।

उनले घुसबापत लिएको पाँच हजारसहित कागेश्वरी मनहरा नगरपालिका-५ स्थित एक खाजा घरबाट नियन्त्रणमा लिएको आयोगले जानकारी दिएको छ । आयोगका प्रवक्ता प्रदीकुमार कोइरालाका अनुसार आरोपी पन्तमाथि अनुसन्धान भइरहेको बताए ।

थलीका स्थानीय व्यवसायीलाई विना कारण पटक-पटक दुःख दिने गरेको र रकम माग गर्ने गरेको भन्दै स्थानीयवासीले अख्तियारमा उजुरी दिएका थिए । पक्राउ परेका पन्तलाई अख्तियारको टोलीले हिरासत पठाउने अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जनाएको छ ।

त्यस्तै बौद्धको प्रहरी प्रमुखका रूपमा आएका प्रहरी नायव उपरीक्षक रमेशबहादुर सिंह महानगरीय प्रहरी परिसर ललितपुरमा कार्यरत हुदाँ तीन लाख घुस रकम लिँदै गर्दा पक्राउ परेका थिए ।

यसैगरी नापी कार्यालय भक्तपुरमा कार्यरत नापी सर्वेक्षक सिद्धराज जोशीलाई १० हजार रुपैयाँ घुससहित नियन्त्रणमा लिएको हो । जग्गा हालसाविक गर्न स्थलगत निरीक्षणका क्रममा 'फिल्ड खर्च' भनी सेवाग्राहीसँग घुस लिएको आरोप जोशीलाई बुधबार पक्राउ गरिएको आयोगले सार्वजनिक गरेको छ ।

# अविरल वर्षाका कारण नेपालगञ्ज डुबानमा

**काठमाडौं ।** अविरल वर्षाका कारण नेपालगञ्ज डुबानमा परेको छ । नेपालगञ्जस्थित न्यूरोड र घरबारी टोल क्षेत्रका अधिकांश पसलमा पानी छिरेको छ ।

नेपालगञ्जको सेतु विक चोक र न्यूरोड क्षेत्रका अधिकांश पसलमा पानी पसेको न्यूरोडका स्थानीय व्यवसायी एवं नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए ।

सेतु विक चोक नजिक रहेको कस्तुरी होटलसहित करीव आधा दर्जन बढी पसल डुबानमा परेको उनले बताए । पानीको सहज निकास नहुँदा घरबारी टोलका ११ वटा घर तथा पसल डुबेका सडकमा पानी जम्मा हुँदा आवत जावत गर्न समेत समस्या भएको श्रेष्ठले बताए ।

स्थानीय व्यवसाय गर्दै आएका श्रेष्ठले डुबान समस्याले न्यूरोड क्षेत्रको व्यापार व्यवसाय धराशायी बन्दै गएको बताए । नेपालगञ्जका अन्य वडा तथा टोलका केही घर तथा पसल पनि डुबेका छन् ।

कारकाँदोमा रहेको प्रहरीको अस्पताल र कर्णाली प्रदेश प्रहरी तालीम केन्द्रमा पानी पसेपछि आवागमन र कामकाजमा समस्या भएको बाँकेका प्रहरी उपरीक्षक वीरबहादुर वलीले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालयका केही भवन समेत डुबानमा परेको जानकारी दिँदै श्रेष्ठले जानकी र खजुरा गाउँपालिकाका विभिन्न वडा पनि डुबानमा परेका बताए । खजुरा गाउँपालिका-७ मा आधा दर्जन बढी घर डुबानमा परेकाको उद्धारका लागि प्रहरी परिचालन भइसकेका छन् ।

# टी–ट्वान्टी क्रिकेटका लागि नेपाली राष्ट्रिय टोली घोषणा

**काठमाडौं ।** सिङ्गापुरमा हुन गइरहेको तीन राष्ट्रबीचको त्रिकोणात्मक टी–ट्वान्टी र ओमानमा हुने टी ट्वान्टी सिरिजका लागि १५ सदस्यीय नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा भएको छ ।

आइसिसीका प्रतिनिधि अमिनुल इस्लाम, प्रशिक्षक उमेश पटवाल र कप्तान पारस खड्का सम्मिलित टोलीले पारस खड्काको कप्तानीमा १५ सदस्यीय राष्ट्रिय क्रिकेट टोलीको नाम सार्वजनिक गरेको हो ।

नेपालले घोषणा गरेको टोलीमा अलराउन्डर कुशल मल्ल र ब्याट्सम्यान इशान पाण्डे पहिलो पटक टोलीमा परेका छन् । त्यस्तै युवा खेलाडी दीपेन्द्र सिंह ऐरीलाई उपकप्तानको जिम्मेवारी दिइएको छ भने ज्ञानेन्द्र मल्ल, शरद भेषवाकर र वसन्त रेग्मी टोलीमा अटाएका छैनन् ।

सिङ्गापुरमा हुने क्रिकेटका लागि कप्तान खड्कासहित उपकप्तान दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, करण केसी, विनोद भण्डारी, ललितनारायण राजवंशी, पवन सर्राफ र सन्दीप लामिछाने छनोटमा परेका छन् । सुशन भारी, इशान पाण्डे, सन्दीप जोरा, अभिनास बोहोरा, कुशल मल्ल, आरिफ शेख र रोहितकुमार पौडेल पनि छनोटमा परेका खेलाडी हुन् ।

नेपालले आयोजक राष्ट्र सिङ्गापुरका साथै टेस्ट राष्ट्र जिम्बाबेसँग त्रिकोणात्मक टी २० सिरिज खेल्नेछ । नेपालले असोज १० गते जिम्बाबेसँग र ११ गते आयोजक राष्ट्र सिङ्गापुरसँग प्रतिस्पर्धा गर्नेछ ।

नेपाल यो सिरिज सकिएसँगै ओमान प्रस्थान गर्ने र असोज १८ देखि २३ गतेसम्म हुने उक्त प्रतियोगितामा पाँच राष्ट्रबीच टी–ट्वान्टी सिरिज हुनेछ । त्यहाँ नेपालसहित आयोजक ओमान, आयरल्याण्ड, हङकङ र नेदरल्याण्डबीच प्रतिस्पर्धा हुनेछ ।

# राष्ट्रमा गीतसङ्गीतको महत्त्वपूर्ण योगदान छ : मन्त्री भट्टराई

**काठमाडौं ।** नेपाली समाजलाई संगीतको माध्यमबाट राष्ट्रलाई महत्त्वपूर्ण योगदान पुऱ्याएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बताएका थिए ।



सांस्कृतिक संस्थानको सहकार्यमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा राष्ट्रिय नाचघरमा आयोजित 'सारङ्गीमा देश' कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भट्टराईले सो कुरा भनेका हुन् ।

मन्त्री भट्टराईले सङ्गीतको माध्यमबाट राष्ट्रमा योगदान गर्ने गन्धर्व जातिको योगदान अविस्मरणीय रहेको पनि बताए । 'नेपालको एकतासँगै आगामी यात्राको अठोट र नेपाली जनताको भावनात्मक सम्बन्धलाई सारङ्गीको धुनले माथि उठाउन सहयोग गर्ने मेरो विश्वास छ,' उनले भने ।

विगतदेखि विभिन्न जाति र जनजातिले जन्मदेखि मृत्युसम्म बजाइने बाजाको गौरवपूर्ण इतिहास रहेको टिप्पणी गर्दै मन्त्री भट्टराईले जसरी संविधान अनुपम र नवीन छ त्यसरी नै नेपालको गीत, सङ्गीत, साहित्य र जातजातिको क्षेत्र पनि विशिष्ट रहेको चर्चा गरे ।

संविधान दिवसका अवसरमा सम्पूर्ण नेपालीलाई शुभकामना दिँदै उनले संविधान निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने संविधानसभालगायत साथ र सहयोग गर्ने सबैलाई धन्यवाद समेत दिए ।

यसैबीच मन्त्री भट्टराईले सरकारले सात हजारभन्दा बढी बाजा सङ्कलन गरिसकेका र उक्त बाजालाई छिट्टै राष्ट्रिय सङ्ग्रहालयमा राख्ने योजना रहेको समेत बताए । कार्यक्रममा दर्जनौं सारङ्गीवादकले विभिन्न भाकामा सारङ्गी रेटर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए ।

# वर्षासँगै पहिरोका कारण अरनिको राजमार्ग ठप्प

**काठमाडौं ।** अविरल वर्षासँग आएको पहिरोका कारण अरनिको राजमार्गअन्तर्गत काभ्रेस्थित पाँचखाल नगरपालिकाको ५४ किलो र भुम्लु गाउँपालिकाको दोलालघाट आसपासका सडकखण्ड अरुद्ध भएका छन् ।

काभ्रे प्रहरीका अनुसार भुम्लु गाउँपालिका–१० दोलालघाट बजार नजिकै गएको पहिराका कारण सडक भत्किएपछि यातायात ठप्प भएको हो । अर निको राजमार्गका थुप्रै स्थानमा गएको पहिरोका कारण सडक भत्किएको र भासिएको अवरुद्ध हुँदा निजी तथा भाडाका सवारी साधन चल्न नसकेको हो ।

अविरल रूपमा परिरहेको वर्षाका कारण विभिन्न स्थानमा थुप्रै क्षती भएको र सोही क्रममा अरनिको राजमार्गमा पनि ठाउँ–ठाउँमा गएको पहिरो पन्छाउने काम भइरहेको भुम्लु गाउँपालिकाका अध्यक्ष गुमानध्वज कुँवरले बताए ।

यस्तै वर्षाकै कारण रोशी गाउँपालिकाअन्तर्गत विपी राजमार्गको ल्हासकोटमा माथिबाट सडकमा खसेको लेदोका कारण अवरुद्ध बाटो खुलाउने प्रयास भइर हेको छ भने नमोबुद्ध नगरपालिका–५ ल्हासकोटमा सञ्चालित मनकामना एक्रिकेट क्रसर उद्योगले सडकमाथि भित्तामा थुपारेको डस्ट वर्षाका कारण बगेर सडक पुरिएर सडक सफा गर्ने र खुलाउने काम भइरहेको छ ।

# नेपालीले संविधानका लागि राजनीतिक आन्दोलन गर्नु पर्दैन

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका उपनेता सुवास नेम्वाङले संविधान निर्माण भएपछि महत्त्वपूर्ण आधार खडा भएकोले निराश हुनुपर्ने ठाउँ नरहेको बताएका छन् ।



नेपाली इतिहासमा संविधानका लागि अब राजनीतिक आन्दोलन गर्नुपर्ने आवश्यकता नरहेकोले समृद्ध नेपाल निर्माणका लागि आधार तयार गरेको नेम्वाङले बताए । 'जनताका लागि जनताकै प्रतिनिधिले बनाएको नेपालको संविधानले विश्व इतिहासमै शीर ठाडो हुने र छाती फुल्ने काम गरेका छौं, अलिकति पनि निराश हुनुपर्ने ठाउँ छैन,' नेता नेम्वाङले संविधान कार्यान्वयनका क्रममा भएका केही कमीकमजोरी सच्याएर अघि बढ्नुपर्नेमा जोड दिए ।

पूर्वसभामुख नेम्वाङले चौथो अधिवेशनमा संविधान कार्यान्वयनको महत्त्वपूर्ण चरणको कानून निर्माण गरेको र ७० वर्ष लामो जनताको भावनालाई मूर्त रूप दिँदै सत्तापक्ष र प्रतिपक्ष सबै लिएर अहिलेको अवस्थामा ल्याउनु महत्त्वपूर्ण काम भएको स्पष्ट पारे ।

'नेपालको संवैधानिक इतिहासमा यसअघिका संविधानका स्रोत तत्कालीन शासक थिए तर वर्तमान संविधानको स्रोत जनता नै हुन्,' नेता नेम्वाङले थपे 'अहिलेको संविधानको प्रस्तावनामा नै हामी सार्वभौमसत्ता नेपाली जनता, संविधानसभाबाट नै संविधान बनाएर घोषणा गर्छौं भनेर लेखिएको छ, नेपालको इतिहासमा पहिलोपटक जनताका लागि जनताले बनाएको संविधान हो ।'

नेपालको इतिहासमा महत्त्वपूर्ण काम सम्पन्न गरेको उल्लेख गर्दै उनले संविधान कार्यान्वयन गरेर यहाँसम्म आइपुग्दा प्रतिपक्ष, सत्तापक्ष सबै एकता भएर कार्यान्वयन गर्ने सिलसिलामा अगाडि गरेको स्मरण गरे । संविधानअनुसार तीन तहको निर्वाचन सम्पन्न गरी मौलिक अधिकारका कानून तीनवर्षभित्र बनाउनु ठूलो सफल गरेको उल्लेख गर्दै उनले शान्ति प्रक्रियाका बाँकी रहेको सङ्क्रमणकालीन न्यायको काम पनि छिट्टै निष्कर्षमा पुऱ्याउने बताए ।

'सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा कानून नयाँ पदाधिकारी ल्याउने तयारी भइरहेको छ,' नेता नेम्वाङले थपे– 'अन्तर्राष्ट्रिय कानून, सर्वोच्च अदालतको फैसला र सरोकारवाला पक्षसँग छलफल गर्ने अन्तिम गृहकार्य गरेर टुङ्ग्याछौं, एक वर्षमा नसकिए, दुई वर्षभित्र काम काम सम्पन्न गर्नेछौं ।'

# मुलुकभर डेङ्गु संक्रमणमा वृद्धि, एउटै वडामा हजार बिरामी

**काठमाडौं ।** प्रदेश नं ३ मा लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गु रोगको प्रकोप बढ्दै गएको छ ।

प्रदेश नं ३ का सामाजिक विकास मन्त्रालयका अनुसार चार हजार आठ सय सर्वसाधारणलाई डेङ्गु लागेको जनाइएको छ ।



हेटौंडा अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा हरि खड्काका अनुसार यो रोग भदौ मसान्तसम्म आइपुग्दा मकवानपुरका हेटौंडा उपमहानगरपालिकाको वडा नं ४ मा मात्रै पाँच सय बिरामी फेला परेका छन् । उपमहानगरपालिकाका जनस्वास्थ्य शाखा प्रमुख सुपेन्द्र कार्कीका अनुसार साउन मसान्ततिर लगभग नियन्त्रणउन्मुख भएको डेङ्गु भदौको प्रारम्भसँगै परेको झरीका कारण डेङ्गु सार्ने लामखुट्टेको प्रजनन वातावरण अनुकूल भइदिनाले एकाएक माहामारीको रूप लिन पुग्यो ।

वर्षाले पनि डेङ्गुलाई बढाउन मद्दत पुगे भएकाले सर्वसाधारणलाई सचेत हुन आग्रह गरिएको छ । डेङ्गु नियन्त्रणमा प्रदेश सरकार, उपमहानगरपालिका र जिल्ला समन्वय समितिसमेत लागि परेका छन् ।

यस्तै डेङ्गुबाट चितवनमा एक हजार आठ सय साठी, काठमाडौंमा एक हजार तीन सय सतरी, मकवानपुरमा एक हजार एक सय दस, ललितपुरमा सत्र, भक्तपुरमा एक सय पैंतालिस, धादिङमा बत्तिस, काभ्रेमा बाह्र,.नुवाकोटमा ६ जना सर्वसाधारण संक्रमित भएको मन्त्रालयको तथ्याङ्कले देखाएको छ ।

त्यस्तै दोलखा, रामेछाप र सिन्धुलीमा एक/एक जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । डेङ्गुका कारण चितवनमा दुई जना र सिन्धलीमा एकसहित प्रदेश नम्बर ३ मा तीन जनाको ज्यान समेत गएको छ ।

# मुलुकको अर्थतन्त्रको सुधार गर्नुपर्नेमा डा. भट्टराईको जोड

**काठमाडौं ।** बजेट अधिवेशनको समापनका अवसरमा बोल्दै पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले देशको अर्थतन्त्र सुधार गर्दै लैजानु पर्नेमा जोड दिएका छन् ।



विकासमा नेपाल अवस्था कछुवा गतिमा रहेकोले यसलाई सुधार गरेर लैजानुपर्ने बताएका हुन् । बजेट अधिवेशनको समापनका अवसरमा भट्टराईले बजेटको अवस्थालाई बढाउनु पर्नेमा सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै असन्तुष्टि नै विकास गर्ने आधार भएको समेत बताए ।

'संविधान जारी भएपछि यो अवधिमा थुप्रै कानून निर्माण भयो, महिला माननीय सदस्य सबैभन्दा बढी सक्रियतापूर्वक सहभागिता भएर काम गरेको अनुभूति मैले गरे,' भट्टराईले भने ।

ठूलो बलिदानीपछि संविधान जारी भएको चार वर्ष पुगेको अवसरमा त्यहीअनुरूप विकास हुँदै जानु पर्ने बताए । नेपालको भू–राजनीतिकमा अवसर र चुनौती दुवै रहेको विश्लेषण गर्दै उनले नेपालमा अमेरिका, चीन र भारतजस्ता ठूला राष्ट्को ध्यान केन्द्रित गरी त्यसैलाई अवसरका रूपमा उपयोग गर्नुपर्ने टिप्पणी गरे ।


रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित

**रामेछाप पोष्ट**

खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार

**जनप्रवाह साप्ताहिक**

खोजीखोजी पढ्ने गरौं ।

२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउा परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने,
- नेपालका विरुद्ध जासुसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- नेपालका राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# पाँचौं...

प्रतिकार गर्न उनले आग्रह गरे। अध्यक्ष प्रचण्डले भने- 'हत्केलाले सूर्य छेक्न खोज्नु सम्भव कुरा होइन, त्यो दुस्साहस मात्र हुनेछस जनताको आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्दै पार्टीलाई आम जनताको भरोसा जित्न सक्ने आस्थाको केन्द्र बनाउने अभियानमा अनुशासित र जिम्मेवार रूपमा लागौं।'

नेता बोगटीलाई आफूहरूले जहाँ-जहाँ अप्ठ्यारो र कठिनाइ हुन्थ्यो, त्यहाँ-त्यहाँ खटाउने गरेको भन्दै बोगटीले सधैं नै मूल नेतृत्व र नीतिलाई सहयोग गरेको प्रचण्डले स्मरण गरे।

कार्यक्रममा बोल्दै नेकपाका वरिष्ठ नेता झलनाथ खनालले नेता बोगटी अरु पार्टीसँग पनि सुमधुर सम्बन्ध बनाउन सक्ने, त्यागी र निष्ठावान् नेता भएको बताए। बोगटीको त्यो व्यक्तित्वलाई स्मरण गरेर आफूलाई सही मार्गमा अगाडि बढाउनु आजको कार्यभार भएको खनालले बताए। कार्यक्रममा नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठ, महासचिव विष्णु पौडेल, नेता अमिक शेरचनलगायतले पनि बेगटीप्रति श्रद्धाञ्जलि व्यक्त गरे।

अकस्मात हृदयघात भई ३० भदौ २०७१ मा संसारबाट बिदा लिएका बोगटी तत्कालीन नेकपा (माओवादी केन्द्र) का नेता एवं पूर्वमन्त्री तथा नुवाकोटका पूर्वसांसद् समेत रहेका थिए।

# करोडौं...

आलोचना हुन्थ्यो, अलि मजबुद बनायो भने यत्रो ठूलो किन चाहियो भन्ने हुन्थ्यो, नबनाए गफ मात्रै गर्छ भन्थे,' उनले भने।

देशको सर्वोच्च जनप्रतिनिधि संस्था, स्वतन्त्रताको प्रयोग गर्ने थलो, नीति निर्माण गर्ने संस्था स्वतन्त्र ढंगले कसैको दायित्व र दबाव नलिइ प्रभावबाट मुक्त राख्न आफ्नै खर्चले बनाउन लागेको भन्दै उनले संसद् भवन शताब्दीका लागि बन्ने उल्लेख पनि बताए। प्रधानमन्त्री निवास भवन निर्माण सम्पन्न हुँदा नहुँदै आफ्नो कार्यकाल सकिने उल्लेख गर्दै उनले आफू ४१औं प्रधानमन्त्री भएको र भवन आगामी ४२औं प्रधानमन्त्री आउँदा पनि बस्न सक्ने गरी बन्न लागेको बताए।

यसअघि पटकपटक गरेर बनेको प्रधानमन्त्री निवास निरङ्कुश राजतन्त्रले कमसल खालको बनाएको भन्दै भूकम्पले क्षति पुऱ्याउँदा समेत त्यसैमा बसिरहेको र अब बन्ने भवन वर्तमान समयको आवश्यकतालाई ध्यानमा राखेर निर्माण हुने बताए।

प्रधानमन्त्री ओलीले वर्तमान समयमा देशको शासन, प्रशासन तथा विकास निर्माणका कामको विचार, विमर्श परामर्श या कूटनीतिक सम्बन्धलाई प्रभावकारी र सफलतापूर्वक अगाडि लैजानका लागि र आधुनिक विज्ञान प्रविधिको प्रयोग गर्ने खालको भवनको डिजाइन तयार भएको बताए।

सहरी विकास तथा भवन निर्माण विभागका अनुसार हालको प्रधानमन्त्री निवास रहेको ठाउँमा वर्तमान आवश्यकतालाई परिपूर्ति गर्ने र मौलक परम्परा झल्किने गरी भवन बन्न लागेको हो।

निजी आवासका लागि र सार्वजनिक प्रयोजनका लागि छुट्टाछुट्टै रूपमा बन्ने दुई भवन निर्माणको जिम्मा को कन्टेक प्रालि नक्सालले लिएको छ। भवनको निर्माणकार्य दुई वर्षमा सक्ने योजना छ। दुई रोपनी क्षेत्रफलमा बन्ने पहिलो भवन ९ महिनामा र दोस्रो भवन १५ महिनामा बनाइसक्ने लक्ष्य रहेको छ।

यसका लागि झन्डै ४० करोड रूपैयाँ लाग्ने विभागका महानिर्देशक मणिराम गेलालले जानकारी दिएका छन्। 'मौलिक परम्परा झल्कने गरी काठमा बुट्टा कुँदेर झ्याल-ढोका बनाइनेछ, काठकै बाल्कोनी समेत आकर्षक हुन्छ, इँट्टाको प्रयोग पनि सोही अनुसार हुनेछ, समग्रमा हाम्रो परम्परा र संस्कृति झल्कने गरी भवन निर्माण हुन्छ'- गेलालले भने।

आधुनिक प्रविधियुक्त र आकस्मिक मन्त्रिपरिषदको बैठक समेत बस्न सक्ने गरी भवन निर्माण हुनेछ। त्यहींबाट प्रधानमन्त्रीले देशवासीका नाममा सम्बोधन गर्न सक्ने गरी अडियो-भिडियो स्टुडियो समेत बनाइने विभागले जनाएको छ। हालको प्रधानमन्त्री निवास पनि यसअघि पटक-पटक गरेर बनाइएको थियो। पहिलो चरणमा उत्तर खण्ड र दोस्रो चरणमा दक्षिण खण्डका भवन बनेका थिए। निरंकुश राजतन्त्र बहाल रहेकै बेलामा भवन बनाइएको थियो।

भवनको बिहीबार शिलान्यास गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले 'निरंकुश राजतन्त्रको बेलामा विगतमा जनताद्वारा निर्वाचित जनप्रतिनिधि कमजोर र अव्यवस्थित क्षेत्रमा बस्नुपर्छ भनेर नेपालमा धेरै दरबार बनिसकेपछि पनि प्रधानमन्त्रीका लागि भने सामान्य घर बनाइएको' बताए। हालसम्मको प्रधानमन्त्री निवासमा प्रधानमन्त्रीका लागि आवश्यक कुनै पनि पूर्वाधार नभएको प्रधानमन्त्रीको दुःखेसो छ। 'भुइँतलामा तीन कोठा र माथि तीन कोठा मात्रै थिए, अतिथि सत्कार र बैठक कक्ष थिएन, त्यो विस्तार गर्दा पनि उपयुक्त ढङ्गको थिएन'- प्रधानमन्त्री ओलीले उल्लेख गरे।

यसपालि काठको बुट्टा कुँदेर आकर्षक झ्याल बनाइनेछ। इँट्टा पनि मौलिक संस्कृतिसँग मिल्ने गरी प्रयोग गरिने र बाल्कोनी समेत बनाएर नेपालीपन झल्कने गरी डिजाइन गरिएको विभागले जनाएको छ। नयाँ बन्ने दुइटामध्ये एउटा भवन प्रधानमन्त्रीको नितान्त निजी प्रयोजनका लागि र अर्को भवन सार्वजनिक प्रयोजनका लागि हुनेछ। सार्वजनिक भवन राजनीतिक-कूटनीतिक संवाद तथा सर्वसाधारणसँग भेटघाटका लागि प्रयोग हुनेछ।

सार्वजनिक भवनको भुइँतलामा अति विशिष्ट भेटघाट कक्ष, मन्त्रिपरिषदको आकस्मिक बैठक कक्ष, चालीस जनासम्मले खान मिल्ने डाइनिङ हल, किचेन, कम्युनिकेसन सेन्टर, सुरक्षाकर्मीको नियन्त्रण कक्ष, एडीसी कक्ष, गोप्य कोठा र प्रतीक्षा कक्षा हुनेछन्। पहिलो तलामा सर्वसाधारणसँगको भेटघाट कक्ष, भोजन गर्न मिल्ने ब्यांक्वेट, दुई वटा प्रतीक्षा कक्ष, होल्डिङ कक्ष, पीए बस्ने र प्रधानमन्त्रीको ग्यालरी कक्ष, सैलुन, डाक्टर कक्ष र डेन्टलसहितका ९ युनिट रहनेछन्।

त्यसैगरी, दोस्रो तलामा प्रधानमन्त्रीको कार्यकक्ष, प्रधानमन्त्रीले देशवासीका नाममा सम्बोधन गर्न मिल्ने अडियो-भिडियो सहितको स्टुडियो, बगैंचा सहितको लबी गरी १२ युनिट रहनेछन्। सार्वजनक भवनको भुइँ तलामा १४ वटा कार्यकक्ष रहेछन्। भुइँतला अति विशिष्ट व्यक्तिसँगको भेटघाटका लागि छुट्याइनेछ।

निजी निवास पूर्णतया व्यक्तिगत प्रयोजनका लागि हुनेछ। भुइँ तलामा गेस्टरुम सहितका १० युनिट र पहिलो तलामा पारिवारिक आवासका लागि बाल्कोनी सहितका १५ युनिट रहनेछन्। दोस्रो तला अति विशिष्ट पाहुनालगायतका लागि ११ युनिटको हुने विभागले जनाएको छ।

अहिलेको सरकारी निवास समयानुकूल आवश्यकता परिपूर्ति गर्ने खालको नभएको र सुरक्षाका हिसाबले समेत उपयुक्त नभएकाले आधुनिक भवन निर्माण गर्न लागिएको सहरी विकास मन्त्रालयका सचिव मधुसुदन अधिकारीले बताए। सरकराले बुधबार मात्रै संसद् भवनको शिलान्यास गरेको थियो। अहिले धेरै भवनको शिलान्यास भएको र प्रधानमन्त्री ओलीको कार्यकालको अन्त्यसम्ममा सबै भवनको उदघाटन गर्ने गरी योजना बनाइएको सचिव अधिकारीले बताए।

अर्को हप्ता प्रदेश प्रमुखहरूको निवासको शिलान्यास गर्ने कार्यक्रम रहेको जानकारी दिँदै मुलुकको समृद्धिको सपना साकार पार्ने चरणमा सरकार अगाडि बढेको र कतिपय निर्माण समयमै र समयअघि नै सम्पन्न गरेको समेत सचिव अधिकारीले बताए।

# डेरावाल...

नगर्नोस्, जति महसुल उठेको हो, सोही अनुसार मात्रै घर बहालमा बस्नेसँग महसुल लिनोस्।'

प्राधिकरणले २० युनिटसम्मको विद्युत्मा ३० रूपैयाँ सेवा शुल्क लिएको छ भने प्रतियुनिट ३ रूपैयाँका दरले महशुल लिने गरेको छ। यस आधारमा २० युनिट विद्युत् प्रयोग गर्नेले ९० रूपैयाँ महसुल तिर्नुपर्छ। यस्तै, २१ देखि ३० युनिटसम्म सेवा शुल्क ५० रूपैयाँ र प्रतियुनिट ७ रूपैयाँका दरले लिने गरेको छ। यस आधारमा १२० रूपैयाँ महसुल तिर्नुपर्छ। यस्तै, ३१ देखि ५० युनिटसम्म विद्युत् खपत गर्ने ग्राहकले सेवा शुल्क ७५ र प्रतियुनिट ८ रूपैयाँ ५० पैसाका दरले तिर्नुपर्छ।

प्राधिकरणको महसुल दरअनुसार ५१ देखि १५० युनिटसम्म खपत गर्ने ग्राहकले सेवा शुल्क १०० रूपैयाँ र प्रतियुनिट १० रूपैयाँका दरले तिर्नुपर्छ। १ सय ५१ देखि २५० युनिटसम्म सेवा शुल्क १२५ रूपैयाँ र प्रतियुनिट ११, २५१ देखि ४०० युनिटसम्म खपत गर्ने घरायसी ग्राहकले सेवा शुल्क १५० रूपैयाँ र प्रतियुनिट १२ रूपैया तथा त्यसभन्दा माथि सेवा शुल्क १७५ रूपैयाँ र प्रतियुनिट १३ रूपैयाँका दरले तिर्नुपर्ने व्यवस्था छ।

सो महसुल ५ एम्पीयर विद्युत् लिने ग्राहकको हकमा लागू हुने गरेको छ। १५ एम्पीयर, ३० एम्पीयर र ६० एम्पीयरको महसुलमा भने सामान्य बढी मात्रै रहेको छ। तर, सहरी क्षेत्रमा घर बहालमा बस्नेले मनलाग्दी शुल्क लिएको विषयमा गुनासो आएको भन्दै प्राधिकरणले विद्युतमा अनावश्यक व्यापार नगर्न घरबेटीहरूलाई भनेको हो।

'प्राधिकरणले तोकेको भन्दा बढी दरमा महसुल असुल्नु गैरकानुनी हो, प्राधिकरणसँग तोकिएको दरमा किनेको विद्युत् त्योभन्दा बढीमा बेचेर व्यापार गर्न पाइँदैन', निर्देशक घिसिङले भनेका छन्। त्यस्तो व्यवहारले प्राधिकरणप्रति नै नागरिकको धारणा गलत हुने भएकाले अनावश्यक व्यापार नगर्न र महसुल के-कति हो, सोही आधारमा मात्रै महसुल तिर्न घरबहालमा बस्नेलाई उनले आग्रह गरेको छन्।

# सिंहदरबार...

मन्त्रीविरुद्ध आपत्तिजनक शब्दहरू प्रहार गर्दै अभद्र व्यवहार गरेका हुन्। विमान पन्ध्र मिनेट मात्रै ढिलो भए तापनि उनीहरूले भने एक-एक घन्टा, दुई-दुई घन्टा ढिलो गरेको भन्दै बुद्ध एयरका प्रशासकहरू र कर्मचारीमाथि तीव्र आक्रोश पोखे।

# आफ्नै कर्मचारीको हत्या गर्ने गुप्ता र कर्मचारी ठाकुर जेल चलान

**काठमााडौं।** महोत्तरी जिल्ला अदालतले एक युवकको हत्याको आरोपमा दुई जनालाई जेल चलान गर्ने फैसला गरेको छ।

करीव डेढ महीनाअघि सदरमुकाम जलेश्वरमा एक युवकको हत्या गरेको आरोपमा जलेश्वर नगरपालिका-२ का स्थानीय राजेश गुप्ता र उनका कामदार जलेश्वर नगरपालिका-८ बस्ने मिन्टु ठाकुरलाई  जेल चलान गरिएको महोत्तरीका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले जानकारी दिए।

उनीहरुले आफ्नै पसलमा काम गर्ने अर्का कामदार जलेश्वर- ६ बस्ने २९ वर्षीय सरोजकुमार साहको गत साउन १६ गते हत्या गरी स्थानीय रातुखोलामा फालिदिएको अवस्थामा शव फेला परेको थियो। पसल सञ्चालक गुप्ता र कर्मचारी ठाकुरलाई मंगलबार साँझ महोत्तरी जिल्ला अदालतले पुर्पक्षका लागि जलेश्वर कारागारमा पठाएको हो।

प्रहरीले पसल सञ्चालक गुप्ता र उनका कर्मचारी ठाकुरलाई भदौ ३ गते नियन्त्रणमा लिएको थियो। मृतक कर्मचारी साहका परिवारजनले पसल सञ्चालक गुप्ता र उनका कर्मचारी ठाकुरले मिलेर सरोजको हत्या गरेको भन्दै दुवैमाथि किटानी जाहेरी दिएपछि प्रहरीले दुवैलाई नियन्त्रणमा लिएर तीन पटकसम्म अदालतबाट म्याद थप गरी अनुसन्धान कार्य पूरा गरी महोत्तरी जिल्ला अदालतमा पेश गरेपछि अदालतले दुवैलाई पुर्पक्षका लागि जलेश्वर कारागारमा पठाएको हो।

घटनाको अनुसन्धान गरिरहेका प्रहरीलाई पीडित परिवार र स्थानीयवासीले दोषी उपर छिटो भन्दा छिटो कारबाही गर्नुपर्ने भन्दै गत भदौ २० गते जिल्ला सदरमुकाम जलेश्वर बन्द गराउँदै जिल्ला प्रशासन, जिल्ला प्रहरी र जिल्ला अदालतको अगाडिमा चर्को नाराबाजी गरेका थिए।

# मुलुकका पूर्वी तथा पश्चिमी भूभागमा भारी वर्षा हुने, सतर्क रहन आग्रह

**काठमाडौं।** जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले केही दिनपछि मौसममा सुधार आउने बताएको छ।

भारतस्थित उत्तर-पश्चिमी क्षेत्र र उत्तर प्रदेशको दक्षिण भागमा बनेको न्यून चापीय रेखा र बङ्गालको खाडीबाट आएको जलवाष्पयुक्त हावाको असरले देशभर बदली हुनाका साथै वर्षा बुधकार वर्षा भएको हो।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलले उक्त प्रणाली बदलिएर मौसममा सुधार हुँदै जाने बताएका हुन्। 'बुधबार देशका मध्य र पश्चिमका धेरैजसो स्थान तथा पूर्वका केही स्थानमा मेघगर्जन र चट्याङसहित वर्षा हुनेछ,' उनले भने।

मुलुकभरका केही क्षेत्रमा भारी वर्षाको सम्भावना रहेकाले पहिरो जानसक्ने, नदीमा पानीको बहाब बढ्न सक्ने र सडक तथा हवाई यातायातमा समेत अवरोध आउन सक्ने सम्भावना रहेकाले सतर्कता अपनाउन उनको सुझाव थियो। नेपालमा जुन १० मा मनसुन सुरु भएर सेप्टेम्बर २३ मा सकिने भए पनि यस वर्ष  १० दिन ढिलो गरी मनसुन भित्रिएको थियो।

यस वर्ष पनि मुलुकभरका अधिकांश भागमा आंशिक तथा पूर्ण बदली रही केही स्थानमा मेघगर्जन सहित हल्का र मध्यम खालको पानी परिरहेकै छ।

महाशाखाका अनुसार केही स्थानमा बिहीबारदेखि मौसममा सुधार हुने भए पनि शुक्रबारसम्म देशभर आंशिकदेखि सामान्य बदली हुनाका साथै हल्का वर्षाको सम्भावना रहेको छ।

# चैतमा अन्तर्राष्ट्रिय सगरमाथा संवाद हुने

**काठमाडौं।** नेपालले हासिल गरेका राजनीतिक, सामाजिक, आर्थिक, वातावरणीय, द्वन्द्व समाधान, मौलिक शान्ति प्रक्रियाजस्ता विषयका उपलब्धि तथा अनुभवलाई विश्व समुदायमाझ आदानप्रदान गर्ने उद्देश्यले सगरमाथा संवाद आयोजना हुन लागेको छ।

अन्तर्राष्ट्रियस्तरको सगरमाथा संवादमा 'जलवायु परिवर्तन, पर्वतीय वातावरण र मानव जातिको भविष्य' बहस आगामी चैत २१ र २२ गते आयोजना गरिने भएको छ।

राष्ट्रको गरिमासँग गाँसिएको उक्त संवादलाई सफलतापूर्वक सम्पन्न गर्न सम्बन्धित विषयका जानकार, उच्च राजनीतिक नेतृत्व, सरकारी अधिकारी, सञ्चारकर्मीसँग आज परराष्ट्र मन्त्रालयले राजधानीमा 'सगरमाथा संवाद राष्ट्रिय परामर्श' गोष्ठी आयोजना गरेको छ।

त्यस अवसरमा परामर्श गोष्ठीका सभापति तथा सगरमाथा संवाद निर्देशक एवं आयोजक समितिका संयोजक परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले पछिल्लो समयमा विश्वमञ्चमा वातावरण, जलवायु परिवर्तन, विश्वव्यापार, अर्थतन्त्र, आतङ्कवाद, आप्रवासन, बौद्धिक सम्पत्ति, सूचना प्रविधि तथा अन्य नवीनतम प्रविधिजस्ता विषयले महत्त्व पाएको बताउए।

सगरमाथा संवादको औचित्य र आवश्यकता औंल्याउँदै उनले भने 'राष्ट्रिय, क्षेत्रीय एवं विश्वव्यापी, साझा चासोका त्यस्ता विषयमा गहन छलफल गरी विचारविमर्शका माध्यमबाट विश्व समुदायको ध्यान आकृष्ट गर्न, अन्तर्राष्ट्रिय समर्थन तथा सहानुभूति प्राप्त गर्न र ती क्षेत्रका समस्याहरू समाधानका निम्ति संवाद उपयोगी हुनेछ।'

नेपालले सामना गर्नु परिरहेका क्षेत्रीय तथा विश्वव्यापी समान चासोका मुद्दा, वातावरणीय, आर्थिक, सामाजिक-सांस्कृतिक तथा शासकीय विषयका साथै नेपालको विकासका साझेदार, अन्तर्राष्ट्रिय सङ्घसंस्था, नागरिक समाज, निजी क्षेत्र, प्राज्ञिक व्यक्तित्वलगायत समाजका सबै वर्गलाई नियमित रूपमा नेपालमा संवाद गराइ मतैक्यता प्रवर्द्धन र समस्याहरूको समाधान पहिल्याउन ठोस योगदान गर्नु संवादको उद्देश्य भएको मन्त्री ज्ञवालीले स्पष्ट पारे।

सगरमाथा संवादको उद्देश्य प्रष्ट पार्दै 'यो मञ्चको माध्यमबाट विश्वमा द्वन्द्व समाधानका अनेकौं उपायहरूमध्ये नेपालको मौलिक शान्ति प्रक्रिया, नेपालको समावेशी प्रजातन्त्र, वातावरण संरक्षणमा नेपालका सफलताहरू नेपालको सांस्कृतिक विविधता, विश्व शान्ति स्थापनामा नेपालले गरेको योगदान, क्षेत्रीय सहयोग प्रवर्द्धनमा नेपालको भूमिका, महिला उत्थान तथा अन्य सीमान्तकृत वर्गको सशक्तीकरणबारे विश्व समुदायलाई बुझाउँदै साझा हितका विष्यमा बौद्धिक बहस गर्नु हो' मन्त्री ज्ञवालीले भने।

कार्यक्रममा वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले जलवायु परिवर्तनको विषयलाई आम जनसरोकारको विषय बनाउनुपर्नेमा जोड दिँदै यसका नकारात्मक असरबारे सबै नेपालीलाई बुझाउनुपर्ने  औंल्याए। विश्व समुदायकै साझा सरोकारको यो गम्भीर विषयमा गहन बहस र छलफल अपरिहार्य भएको मन्त्री बस्नेको कथन थियो।

मन्त्री बस्नेतले जलवायु परिवर्तनको सङ्कट सम्बोधन गर्ने दिशामा उच्च राजनीतिक नेतृत्व, तथा समग्र विश्व समुदायबीच जलवायु परिवर्तनको सङ्कटबारे समान धारणा बनाउन तथा उक्त सङ्कटसँग जुध्न राजनीतक तहलाई इच्छाशक्ति देखाउन उत्प्रेरित गर्नु सगरमाथा संवादको पहिलो संस्करणको उद्देश्य भएको टिप्पणी गरे।

जलवायु परिवर्तनजस्तो बहुआयामिक तथा बहुक्षेत्रीय विषयअन्तर्गत परम्परागत ज्ञान, प्रविधि र संस्कृति, कृषि, खाद्य सुरक्षा, वन तथा जैविक विविधता, हरित अर्थतन्त्र, पर्यटन, ऊर्जा र जललगायत विषयमा केन्द्रित रहेर सगरमाथा संवादको पहिलो संस्करणमा बहस एवं छलफल हुने भनिएको छ।

**कोसेली मिडिया सपोर्ट प्रा.लि. का लागि प्रकाशक/प्रधान सम्पादक** : केदारनाथ गौतम **कार्यकारी सम्पादक** : सानु राय (गौतम) **अतिथि सम्पादक** : शिव बस्नेत
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४९६००२०९ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं